क्रमसंख्या-७१

अजातशत्रु

भगवान बुद्धसंग राजा अजातशत्रुको प्रथम भेट ।

९४.३
T८८अ

आचार्य
भिक्षु अमृतानन्द

बु. सं. २५३३
बि. सं. २०४७

लेखकका पुस्तकहरूः

			मे. रु.
१.	सं. बुद्धजीवनी (चतुर्थावृत्ति)		...रु. १०/-
२.	धम्मपद (तृतीयावृत्ति)		...रु. १०/-
३.	गृही-विनय (तृतीयावृत्ति)		...रु. १०/-
४.	अग्रश्रावक		
५.	कसको कुरा सत्य हो		
६.	बुद्धशासनको इतिहास	भाग-१	...रु. ४/-
७.	पटाचारा स्थवीरा		
८.	अम्बसक्कर प्रेतकथा		
९.	सुतनु जातक		
१०.	बोधिराजकुमार		
११.	बुद्धकालीन ब्राह्मण	भाग-१	...रु. ७/-
१२.	बुद्धकालीन ब्राह्मण	भाग-२	...रु. १५/-
१३.	बुद्धकालीन ब्राह्मण	भाग-३	...रु. १७/-
१४.	बुद्धकालीन गृहस्थीहरू	भाग-१	.. रु. ८/-
१५.	बुद्धकालीन गृहस्थीहरू	भाग-२	...रु. १५/-
१६.	बुद्धकालीन गृहस्थीहरू	भाग-३	...रु. १५/-
१७.	बुद्धकालीन राजपरिवार	भाग-१	...रु. १०/-
१८.	बुद्धकालीन राजपरिवार	भाग-२	...रु. १६/-
१९.	बुद्धकालीन राजपरिवार	भाग-३	...रु. १८/-
२०.	बुद्धकालीन परिव्राजकहरू	भाग-१	...रु. १६/-
२१.	बुद्धकालीन परिव्राजकहरू	भाग-२	...रु. १५/-
२२.	बुद्धकालीन परिव्राजकहरू	भाग-३	...रु. २३/-
२३.	बुद्धकालीन महिलाहरू	भाग-१	...रु. ८/-
२४.	बुद्धकालीन महिलाहरू	भाग-२	...रु. १४/-
२५.	बुद्धकालीन श्रावक-चरित	भाग-१	.. रु. ९/-

क्रमसंख्या–७१

अजातशत्रु

आचार्य
भिक्षु अमृतानन्द

बु. सं. २५३३
वि. सं. २०४७

नै. रु. ६/–

प्रकाशक :
"आनन्द कुटी विहार गुठी"
(सं. द. नं. १।०३१ प्र. जि. अ. का. का.)
आनन्दकुटी विहार, स्वयम्भू
काठमाडौं, नेपाल ।

फोन– २७१४२०

(सर्वाधिकार सुरक्षित)

बु. सं. २५३३
ने. सं. १११०
वि. सं. २०४७
ई. सं. १९९०

प्रथम संस्करण – १००

मुद्रक :
नेपाल प्रेस
शुक्रपथ, काठमाडौं ।
फोन – २२ १० ३२

समर्पण

जस्ले हामीलाई जन्मेदेखि पालनपोषण गर्नु भै विद्या शिल्प आदि सिकाई लोक र लोकोत्तरको मार्गमा अगाडि वढाउन प्रयत्न गर्दै स्वतन्त्रता दिनु भयो उनि पूजनीय पिता सङ्घरत्न शाक्यको पुण्य स्मृतिमा ।

जन्मः— १०२८ श्रावण शुक्ल तृतिया ।

परलोकः— १११० फाल्गुण शुक्ल चौथी ।

प्रकाशकीय

प्रस्तुत पुस्तक 'अजातशत्रु' आनन्दकुटी विहारगुठीको ७१ औं प्रकाशन हो। अजातशत्रुको नाउँ नसुन्ने बौद्धहरूत विरलै होलान। भगवान बुद्धको शासनमा शरण पाएका प्रथम राजा मगध नरेश सेनीय बिम्बिसारका पुत्र, देवदत्तको षडयन्त्र-को कारणले आफ्नो पिताको हत्या गर्ने, तर पछि पापोच्चारण तथा पश्चाताप गर्ने राजा। जस्ले पिताको हत्यापछि एकरात पनि चैनको निंद सुत्न सकेन। जस्ले भगवान बुद्धको परि-निर्वाण पछि प्रथम सङ्गायनाको सबै व्यवस्था गरिदिए। उनै राजा अजातशत्रु बारेको पुस्तक हो यो।

बास्तबमा यो पुस्तक शब्द संग्रहको लागि तयार हाम्रा यस गुठीका संस्थापक श्रद्धेय महानायक अमृतानन्द महास्थ-विरले गर्नु भएको थियो। तैपनि उहाँले यस अमूल्य ग्रन्थ हाल हङ्गकङ्गमा बसिरहनु भएका श्री बेखारत्न शाक्यका पूज्य बुबाको ४५ दिने कार्यको अवसरमा प्रकाशन गर्न अनुमति दिनु भएकोछ। र स्वर्गीय सङ्घरत्न शाक्यको निर्वाण कामना गरी उहाँको पुण्यस्मृतिमा उहाँका ज्येष्ठ सुपुत्र बेखारत्न शाक्यले यो पुस्तक प्रकाशनका लागि सम्पूर्ण व्यय भार बहन गरी यस गुठीलाई सहयोग दिनुभएको छ। अतः लेखक तथा चन्दादाता दुबैको इच्छा कामना पूरा होस् भन्ने चाहन्छु।

यसै गरी अन्य श्रद्धालु उपासक उपासिकाहरूले पनि आफ्ना परलोक भएका ज्ञातिबन्धुहरूको नाउँमा वा पुण्य-स्मृतिमा, ग्रन्थ प्रकाशन गर्न चाहेमा गर्न सकिने कुरा अवगत गराउन चाहन्छु। आवश्यक जानकारी लिन चाहेमा आनन्द कुटी विहारमा अथवा सङ्घाराम भिक्षु तालिम केन्द्रमा सम्पर्क राख्नु हुन पनि सूचित गर्दछु।

भिक्षु मैत्री
सदस्य–सचिव
आनन्दकुटी विहार गुठी
स्वयम्भू, काठमाडौं।

पोष्ट बक्स ३००७
आनन्दकुटीः २७१४२०
सङ्घाराम : २१५०२०

मितिः २०४७/१/१

दिवंगत सङ्घरत्न शाक्यको

संक्षिप्त परिचय

दिवंगत सङ्घरत्न शाक्यको जन्म नेपाल सम्वत १०२८ फाल्गुण शुक्ल तृतियाको दिन ललितपुर झतापोल ताजाफ आफ्नो कुल घरमा भएको हो। उनि हिरण्यवर्ण महाविहार GOLDEN TEMPLE क्वाबहाका प्रसिद्ध याकःछें खल-कका सिरोमणि श्री लुतसिंहज्यूका वंश अनि ताजाफःका निर्माता श्री जयरत्नज्यू (जसलाई हिलायजु नामले चिनिन्छ) का पनाति भिमरत्नज्यू अनि उन्का पनि पनाति अर्थात पुण्यराज शाक्यको धर्मपत्नी श्रीमति रत्नथकुंको गर्भबाट जन्मेका सात छोरा छोरी मध्ये कान्छो छोरो थियो।

कुलपरम्परा अनुसार ५ वर्षको उमेरमा चूडाकर्म गरि-सकेपछि त्यसबेला अहिले जस्तो स्कूलहरू नभएको हुँदा आफ्नै घरमा विद्या तथा शिल्प (सुनको काम) सिके। त्यस बेला देखिनै आफ्ना पिता पुण्यराजको नुवाकोटको त्रिशूली बजारमा ज्यासल भएको हुनाले त्यहिं धेरै बस्ने हुन्थ्यो।

किशोर अवस्थादेखि नै परिवार तथा काम सह्याल्ने क्षमता भएको हुनाले आफ्नो माहिला दाज्यू ह्लासामा जानुपर्दा आफंले (मूल गद्दीमा बसेर) लिनु दिनु गरी ज्यासल सह्याल्नु

भयो। वंश परम्परादेखि नै धर्ममा अभिरूचि भएको कुल हुनाले आपना कुलगुरुसँग मूल दिक्षा प्राप्त गरी दिनहुँ गुरुमण्डल सहित (ह्लिकं) नित्य पूजा गर्नु हुन्थ्यो।

१९ वर्षको उमेरमा उन्को विवाह ह:खा टोलका कुलपुत्र श्री हर्षराज शाक्य एवं श्रीमति हेरामायाकी सुपुत्री बेखामाया शाक्यसँग सुसम्पन्न भयो।

नेपालमा स्थविरवाद बुद्धधर्म पुनरुत्थान भएपछि स्वर्गीय विमुखा अनागारिका आपना दिदी एवं वर्तमान भिक्षु शाक्यानन्द, सुबोधानन्द, अमृतानन्द, विमलानन्द, आपना ज्ञानि बन्धु हुनु भएकोले यो धर्ममा श्रद्धा र विश्वास दरो भयो। आपनो परिवार सबै धर्ममा श्रद्धा राख्ने हुँदा छोरा नातिहरू सबै नै यो धर्ममा अग्रसर हुन दृढ श्रद्धा हुने भयो। त्रिशूलीमा भिक्षु वा अनागारिकाहरू जुनसुकै ठाउँबाट आउनु भएपनि आपना घरमा स्वागत गरी चतुप्रत्ययद्वारा सेवा गर्ने भयो।

यसरी धार्मिक र पारिवारिक जीवन बिताउँदै २००३ सालमा आपनो जेठो दाज्यू चैत्यराज शाक्य परलोक हुनुभयो। अनि यहि सालमा आपना तीन दाज्यू भाई भिन्न भयो। उदार हृदयी हुनाले छोराहरूलाई सामाजिक एवं धार्मिक क्षेत्रमा कुनै बाधा दिनु हुन्नथ्यो। ... ... सालमा काहिंलो छोरो दानरत्न शाक्य वर्षावास भर प्रव्रजित गरी शासनको अल्पकालिन सेवाको एक अङ्ग पनि पूर्ण गर्नुभयो।

२००६ सालमा धम्मालोक महास्थविर त्रिशूली पालनु हुँदा वहाँले भिक्षुहरू गृहस्थहरूको घरमा धेरै दिन बस्न मिल्दैन तसर्थ एउटा विहार भए भिक्षुहरू बराबर आउनु हुँदा बस्न सुबिधा हुन्छ, दान धर्म गरी धर्म अध्ययन गर्न पाउँछ भनि विहार बनाउन बिउ भनिकन दान प्राप्त केही रूपैंया छाडि जानुभयो। यहि बिउलाई सफल गर्न आफ्ना तीन दाजु भाई बुद्धरत्न, सङ्घरत्न अनि भतिजा गजरत्न शाक्य तीन जनाले विहार बनाउने सङ्कल्प गर्नुभयो। पछि त्रिशूली निवासी सबै मिली भव्यरूपले नै बनाउने सल्ला भएपछि २००७ साल आषाढ पूर्णिमाका दिन धम्मालोक महास्थविरको निर्देशनानुसार सङ्घरत्न, गजरत्न, धर्मरत्न, बेखारत्न चार जनाले आनन्दकुटी विहारबाट बुद्ध प्रतिमा प्राप्त गरी त्रिशूलीमा स्थापना गरे।

विहार भएपछि नेपालका मात्र होइन बर्मा, लङ्का, थाइलैण्ड देशका भिक्षुहरू पनि त्रिशुलीमा आउने भयो। विहारको सुसञ्चालनको निम्ति दुइवटा संस्था पनि भयो। एउटा (पुल्ली गुठी) वर्तमान सुगतपुर विहार दायक परिषद, एउटा सुगत बौद्ध मण्डल। विहारका संस्थापक भदन्त धम्मालोक महास्थविरका निर्देशनानुसार विहार स्थापनाको निम्ति सक्रय र समर्पित भएका सदस्यहरूमा जेठा हुनु भएको हुनाले (पुल्ली गुठी) दायक परिषदका अध्यक्ष एवं सुगत बौद्ध मण्डलका कोषाध्यक्ष पदमा राखे अनुसार जीवनभर उक्त पदमा रही विहारको सेवा गर्नुभयो।

विहारमा १४ कोठा भएको ध्यानागार निर्माण हुँदा त्यसमा एक कोठाको व्यय भार आफुले बहन गर्नुभयो। सम्पन्न भएपछि बर्माका महासी स्मृति पट्ठान ध्यान केन्द्रका ऊ. सुन्दर महास्थविरद्वारा १० दिनको विपश्यना सिविर राखी ध्यानागार समुद्घाटन एवं सङ्घदान हुँदा आफु पनि साधक बनी ध्यान अभ्यास गर्नुभयो।

भिक्षु महासङ्घको निमन्त्रणामा थाइलैण्डका राजगुरु तथा वर्तमान सङ्घराजा फ्रा. सोमदेत ञाणसंवर महास्थविर नेपाल पाल्नु हुँदा उहाँको ७३ वर्षको जन्मोत्सवमा नेपालका ७३ जवान शाक्य कुलपुत्रहरू प्रव्रज्या गर्ने कार्यक्रम हुँदा त्रिशूली सुगतपुर विहारको तर्फबाट ६ जना शाक्य कुलपुत्रहरू प्रव्रज्या हुनेमा जेठो र ७३ जना कुलपुत्रमा दोस्रो भई ७ दिन प्रव्रज्या लाभ गर्नुभयो।

वृद्धावस्थामा हुने भिमरथारोहण (ज्याजंकु) र १००० पूर्ण चन्द्रमा दर्शन पाएको (निको जंकु) अभिषेक प्राप्त भएपछि आफ्ना सात छोराहरूलाई पनि आ-आफ्ना व्यवहार स्वतन्त्र रूपले गर्न भिन्न भिन्न राखी सकेको हुँदा आफु पनि त्रिशूलीमा भन्दा कुलघर झतापोलमा नै धेरै बस्ने गर्नुभयो। आफ्नो समय पाठ पूजा जप ध्यानमा लगाई आराम साथ बस्नुभयो। क्रमशः स्वास्थ कमजोर हुँदै आयो अलिकति हिंडडुल उकालो ओह्रालो गर्दा पनि स्वाँ स्वाँ आउने भयो तैपनि उपचारको बलले रोग नियन्त्रण हुँदै गयो। यसरी जीवन यापन गर्दागर्दै

नेपाल सम्वत ११११० फाल्गुण शुक्ल चौथी अर्थात २०४६ साल फाल्गुण २८ गते रातको ५ बजे नश्वर शरीर त्याग गरी दिवंगत हुनुभयो ।

"अनिच्चावत सङ्खारा"

दिवंगत सङ्घरत्न उपासकको सुगतपुर विहारको दाहिने एउटा देशना हःल बनाउने अभिलाषा थियो । त्यसकारण केही ढुङ्गा ईट र काठहरू विहारमा प्रदान गरी राख्नु भएको थियो । परन्तु आफ्नो जीवित समयमा पुरा गर्न सक्नु भएन । तसर्थ वहाँको अभिलाषा शीघ्र पूर्ण हवस भन्ने उद्देश्यले त्यस कार्यको निम्ति वहाँका जेष्ठपुत्र बेखारत्न शाक्यले २५०००।– पच्चिस हजार रूपैंया आफ्ना बुबा सङ्घरत्न शाक्यको नाममा सङ्कल्प गर्नुभयो ।

भवतु सब्ब मङ्गलं

धर्मरत्न शाक्य

२०४६ साल चैत्र १२ गते त्रिशूली

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

दुई शब्द

प्रस्तुत "अजातशत्रु" पुस्तिका श्री बेखारत्न शाक्यद्वारा प्रदान गरिएको सम्पूर्ण आर्थिक सहयोगबाट पाठकहरूको सामुन्ने राख्न सकेको हो। श्री शाक्यज्यूले आपना स्वर्गीय पिता श्री सङ्घरत्न शाक्यको पुण्य-स्मृतिमा यसो गर्नु भएको हो। प्रस्तुत पुस्तिका प्रकाशनद्वारा प्राप्त पुण्य स्वर्गीय वहाँका पितालाई प्राप्त होस् भनी पुण्यानुमोदन गरेको छु।

प्रस्तुत पुस्तिका पालिसाहित्यमा उपलब्ध कारणहरू खोजगरी यहाँ राखिदिएको छु। कुन कुन ग्रन्थको सहायता लिएको हो सो को सूची पनि अगाडि उल्लेख गरेको छु। पुस्तक पढ्दा कोष्ठभित्रको कुरा पढ्नु आवश्यक छैन। यो केवल जानकारीको निमित्त राखिएको हो। अतः मूल विषय-सँग जोडेर पढ्नु पर्दैन। पादटिप्पणीमा चाहिं उल्लिखित कुन कुन ग्रन्थमा छन् भन्नेको सूचक हो। अतः प्रस्तुत पुस्तिका पालिग्रन्थानुसार एक प्रामाणिक पुस्तिका हो। पुस्तिकामा प्रयोग गरिएका संक्षिप्त शब्दहरूको अर्थ पनि अगाडि उल्लेख गरिदिएको छु।

मूलतः प्रस्तुत पुस्तिकाका कुरा लेखकको बुद्धकालीन राजपरिवार भाग–२ मा अजातशत्रु राजाको परिचयमा उल्लेख

भएका कुराहरू हुन्। त्यहाँ लेखिएका परिचय मात्रले पनि अजातशत्रुको विषयमा पाठकबन्धुहरूले केही जानकारी पाउन सक्नुहुन्छ भन्ने मलाई विश्वास छ।

आनन्द कुटी विहार गुठीबाट प्रकाशित हुने जति पनि मेरा पुस्तकहरू छन् ती सबैको भाषा संशोधन तथा प्रूफ हेर्ने काम श्री प्रा. बटुकृष्ण 'भूषण' ज्यूबाट गर्दै आउनु भएको छ। त्यसै गरी आयुष्मान कुमार कश्यपले पनि प्रूफ हेर्ने काममा मद्दत गर्नुहुन्छ। प्रेसबाट प्रूफ ल्याउने लैजाने काममा सदा झैं श्री खड्गबहादुर उपासकले मद्दत गर्नुहुन्छ। अतः उपरोक्त सबै महानुभावप्रति मेरो हार्दिक धन्यवाद छ।

"चिरं तिट्ठतु सद्धम्मो"

—भिक्षु अमृतानन्द

बैशाख १ गते २०४७

आनन्द कुटी विहार
स्वयम्भू, काठमाडौं
नेपाल।
फो: नं. २७१-४२०

संक्षिप्त शब्दको अर्थ—

अ. क. = अर्थकथा।

अं. नि. = सूत्रपिटकको अंगुत्तरनिकाय। 'नि' सँग राखिएको अंको अर्थ निपात भनिएको हो।

अं. नि. अ. क. = अंगुत्तर निकायको अर्थकथा।

इति. वु. अ. क. = इतिवुत्तक भन्ने ग्रन्थको अर्थकथा।

गा. नं. = गाथाको नम्बर।

जा. अ. क. = जातक भन्ने ग्रन्थको अर्थकथा। जा. अ. क. I–II. भनी लेखिएको मतलब जातक अर्थकथाको भाग भनिएको हो।

धम्म. प. अ. क. = धम्मपद भन्ने ग्रन्थको अर्थकथा हो। यहाँ मैले प्रयोग गरेको धम्म. प. अ. क. बुद्धदत्त महास्थविर संशोधित। बु. व. २४९९

दी. नि. अ. क. = दीघनिकाय भन्ने ग्रन्थको अर्थकथा। नालन्दा प्रकाशन।

पपं. सू. = पपञ्चसूदनी भन्ने मज्झिमनिकायको अर्थकथा। हेवावितारण प्रकाशन, श्रीलङ्का।

पेत. व. अ. क. = पेतवत्थु भन्ने ग्रन्थको अर्थकथा।

बु. गृ. = लेखकको बुद्धकालीन गृहस्थीहरू।

बु. प्रे. = लेखकको बुद्धकालीन प्रेतकथा।

बु. ब्रा. = ऐ बुद्धकालीन ब्राह्मण ।

बु. म. = ऐ बुद्धकालीन महिलाहरू ।

बु. रा. = ऐ बुद्धकालीन राजपरिवार ।

बु. श्रा. च. ऐ बुद्धकालीन श्रावक चरित ।

म. नि. = सूत्रपिटकको मज्झिमनिकाय । नालन्दा प्रकाशन ।

महा. वं. टी. = महावंस टीका । नालन्दा प्रकाशन ।

सं. नि. अ. क. = संयुक्तनिकाय भन्ने ग्रन्थको अर्थकथा ।
हेवावितारण प्रकाशन, श्रीलङ्का ।

सम. पा. = समन्तपासादिका भन्ने विनयपिटकको अर्थकथा ।
नालन्दा प्रकाशन ।

D. P. P. = Dictionary of Pali Proper Names
by Dr. G.P. Malalasekara, London.

उपरोक्त सबै ग्रन्थहरू सहायक ग्रन्थहरू हुन् ।

त्रिपिटक-सूची

विनयपिटक :

१–पाराजिकपालि } सुत्तविभङ्ग
२–पाचित्तियपालि }

३–महावग्गपालि } खन्धक
४–चुल्लवग्गपालि }

५–परिवारपालि

सुत्तपिटक :

१–दीघनिकाय
२–मज्झिमनिकाय
३–संयुत्तनिकाय
४–अङ्गुत्तरनिकाय
५–खुद्दकनिकाय

(१) खुद्दकपाठ
(२) धम्मपद
(३) उदान
(४) इतिवुत्तक
(५) सुत्तनिपात
(६) विमानवत्थु
(७) पेतवत्थु
(८) थेरगाथा
(९) थेरीगाथा
(१०) जातक
(११) निद्देस { १–महानिद्देस
२–चुल्लनिद्देस }
(१२) पटिसम्भिदामग्ग
(१३) अपदान
(१४) बुद्धवंस
(१५) चरियापिटक

अभिधम्मपिटक :

१–धम्मसङ्गणि
२–विभङ्ग
३–धातुकथा
४–पुग्गलपञ्ञत्ति
५–कथावत्थु
६–यमक
७–पट्ठान

विषय-सूची

		पृष्ठः
(१)	नामकरण	१
(२)	बाल्य अवस्था	५
(३)	देवदत्तसँगको भेटघाट	८
(४)	पितृहत्या	११
(५)	कोशल राजासँग युद्ध	१६
(६)	पितृहत्यापछिको क्रियाकलाप	२१
(७)	देवदत्तलाई सहयोग	२५
(८)	पितृहत्यापछि मानसिक अशान्ति	२८
(९)	बुद्धकहाँ जाने इच्छा	३२
(१०)	बुद्धकहाँ गए	३७
(११)	उपासकत्व ग्रहण	४८
(१२)	विविध पक्ष	५२
(१३)	धातु पूजा र स्तूप निर्माण	६०
(१४)	धर्मसङ्गायनमा मद्दत	६८

★ ★ ★

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

अजातशत्रु

नामकरण

कोशल राज्यका महाकोशल राजाको छोरी प्रसेनजित् कोशलकी बहिनी कोशलदेवीसँग[1] अङ्ग-मगध देशका राजा बिम्बिसारको विवाह भएको थियो । आफ्नी छोरी कोशल-देवीको निमित्त महाकोशल राजाले दुइ राज्यको बीचमा पर्ने एकलाख आम्दानी हुने 'काशी' भन्ने गाउँ दाइजोको रूपमा दिएका थिए[2] । यिनीहरूकै छोराको नाउँ अजातशत्रु हो ।

किन यिनलाई अजातशत्रु भनिएको हो भने—

कोशलदेवी गर्भिणी भएको बेला उनको मनमा आफ्ना पति बिम्बिसार राजाको दाहिने हातको रगत पिउने सारै

---

१. जा. अ. क. I–II. पृ. ६४५: वड्ढकीसूकरजातकं, जा.नं. २८३;

२. सं. नि. अ. क. I. पृ. १२०: पठम सङ्गामसुत्तं, कोशलसंयुत्त-वण्णना; जा. अ. क. I–II. पृ. ५३८: हरितमातु जातकं, जा. नं. २३९

इच्छा भएको थियो। यो कुरा कसैलाई बताउन सकिन्न भन्ने विचारले यो इच्छा मनमै राखी बसिरहँदा उनी क्रमशः दुब्लाउँदै गइन्[१]। एकदिन परिचारिकाहरूले दुब्लाउँदै गएको बारेमा सोध्दा देवीले आफूमा पैदा भइरहेको इच्छा सुनाइन्[२]। राजाले पनि "भद्रे! तिम्रो रूपवर्ण अघि जस्तो देखिन्न के कारण हो?" भनी सोध्दा देवीले "महाराज! यो कुरा म भन्न सक्दिन" भनी भनिन्। "भद्रे! यदि आफ्नो मनको कुरा मलाई भन्न सक्दिनौ भने कसलाई भन्छौ त?" भनी कर गरी बताउन लगाए। यो सुनी राजाले "मूर्ख! यसमा तिम्रो के बिग्रिन्छ र[३]! भनी राजाले जोतिषीहरूलाई बोलाउन पठाई "देवीको यस्तो इच्छा भएको छ। यसको के अर्थ हो?" भनी सोध्दा जोतिषीहरूले "देवीको गर्भमा बसेको बालक राजाको शत्रु हुनेछ र तपाइँको हत्यागरी राज्य लिनेछ" भनी भने[४]। अनि राजाले "यदि मेरो छोराले मलाई मारेर राज्य लियो भने यसमा के दोष छ त!" भनी एकजना वैद्यलाई बोलाई सुनको छुराद्वारा आफ्नो बाहु चिराई सुनको भाँडामा रगत राखी

---

१. दी. नि. अ. क. I. पृ. १५३: सामञ्ञफलसुत्तवण्णना।

२. जा. अ. क. III. पृ. ८४: थुसजातक, जा. नं. ३३८.

३. दी. नि. अ. क. I पृ. १५४: सामञ्ञफलसुत्तवण्णना।

४. जा. अ. क. III. पृ. ८४: थुसजातक, जा. नं. ३१८; दी. नि. अ. क. I. पृ. १५४: सामञ्ञफलसुत्तवण्णना।

त्यसमा पानी मिसाई देवीको इच्छा पूरा हुने गरी पिलाए[1]। जोतिषीहरूको भविष्यवाणी सुनी देवीले यस्तो सोचिन्— "यदि मेरो गर्भबाट जन्मिने वालकले आफ्नो बाबुलाई मार्नेछ भने यस्तो बालक जन्माएर के गर्नु र!" यति सोचेर देवीले गर्भपात गर्ने विचार गरी दिनदिनै पेट थिच्न लगाउन थालिन्। तर गर्भपतन गराउन सकिनन्। यो कुरा बुझी राजाले "देवी! तिम्रो गर्भमा छोरा वा छोरी छ भन्ने कुरा तिमीलाई थाहाछैन। आफूले जन्माउने वालकलाई यसरी पतनगऱ्यौ भने सारा जम्बुद्वीपमा हल्ला भई कुकीर्ति फैलिने छ। अतः तिमीले यस्तो नगर। मेरो पुत्रले मलाई मारेर राज्य लिन्छ भने लिन देऊ। म अजरामरण होइन। मलाई मेरो पुत्रको मुख हेर्न देऊ। अब उप्रान्त यस्तो काम नगर" भनी पालो राख्न लगाए। तर देवीको मनमा सारै चिन्ता लागेको थियो। कत्ति पनि मनमा सन्तोष थिएन। त्यसैले पुनः दिनदिनै गर्भपतन गर्नको निमित्त उद्यानमा गई देवीले पेट थिच्न लगाउँथिन्। दिनदिनै देवी उद्यानमा गइरहेको देखेर यसको खोजतलास गराउँदा उद्यानमा गई गर्भपतन गर्ने प्रयत्न गरिरहेको कुरा थाहापाई त्यसपछि राजाले देवीलाई उद्यानमा जान रोक लगाइदिए। यसपछि देवीले "वालक जन्माउने बित्तिकै मार्नेछु" भन्ने बिचार लिइन्। यस्तो सोच्दा सोच्दै उनले वालक जन्माइन्।

---

१. दी. नि. अ. क. I. पृ. १५४.

त्यसबखत पालो बस्नेहरूले बालकलाई एकातिर लगिविए। नामकरणको दिनमा "जन्मनुभन्दा अगाडिदेखि नै बाबुको शत्रु भएको र जन्मिसकेपछि पनि बाबुको शत्रु हुनेछ" भन्ने जोतिषीहरूको कुराको आधारमा 'अजातशत्रु' भन्ने नामकरण गरे[1]। क्रमशः कुमार ठूलो हुँदै गयो र छोराको मुख देखेपछि स्नेह उत्पन्न भएको कारणले देवीले छोरालाई मार्न सकिनन्[2]।

जुन उद्यानमा यी कोशलदेवीले आफ्नो गर्भपतन गराउन प्रयास गरेकी थिइन् त्यसै उद्यानको नाम नै 'मद्दकुच्छि' भन्ने रहन गयो भनी संयुत्तनिकायको सकलिक सूत्रवर्णनामा उल्लेख भएको पाइन्छ[3]।

---

१. जा. अ. क. III. पृ. ८५; जा. नं. ३३८; दी. नि. अ. क. I. पृ. १५४.

२. दी. नि. अ. क. I. पृ. १५४.

३. सं. नि. अ. क. I. पृ. ६१: सतुल्लपकायिकवग्गो, देवतासंयुत्त°।

वाल्य अवस्था

छोराको मुख हेर्न पाएर बिम्बिसार राजा यति खुशी भएका थिए कि बुद्धको उपदेश सुन्न समेत मन जादैन थियो।

एकदिन पाँचशय भिक्षुहरूका साथ भगवान् राजदरबारमा जानुभई बिछ्याइराखेको आसनमा बस्नुभयो। भगवान् सहित भिक्षुसङ्घलाई राजाले आफ्नै हातले प्रणीत खाद्य-भोज्य अर्पित गरे। अनि भोजन गराउने काम सिद्धिएपछि राजा एक छेउमा बसे। त्यसबखत प्रतिमण्डित बालक राजकुमार ल्याई राजालाई दिए। अनि पुत्र स्नेहमा मुग्ध भएका राजाले बालकलाई काखमा राखी खेलाएर बसे। धर्मोपदेश सुन्नमा उतिसारो चासो दिएनन्। यो देखेर भगवान्ले "अघि अघिका राजाहरूले आफ्ना पुत्रमाथि आशङ्का गरी गोप्य ठाउँमा राखी हामी मरेपछि यिनलाई राज्यमा प्रतिष्ठित गर भनी भनेका थिए" भन्नुहुँदै थुसजातकका[1] कुरा सुनाउनुभयो।

अर्को एकदिन यस्तै अवस्थामा राजाले कहिले बालकलाई खेलाउने र कहिले धर्मोपदेश सुन्ने गरे। "यस बालकबाट राजालाई भय उत्पन्न हुनेछ" भन्ने कुरा बुझ्नुभई भगवान्ले "महाराज! अघिका राजाले आशङ्का गर्नुपर्ने ठाउँमा आशङ्का गरी हामी मरेपछि राज्यमा राख्नू भनी बालकलाई अन्यत्र

---

१. जा. अ. क. III. पृ. ८५, जा. नं. ३३८.

राख्न लगाएका थिए" भन्नु हुँदै मूसिकजातकका[1] कुरा सुनाउनु भएको थियो।

छोरा प्रति राजा बिम्बिसारको कति गहिरो प्रेम थियो भने— एकदिन बालक अजातशत्रुको औंलामा खटिरा आयो। खटिरा दुखेकोले उनी सारै रोएका थिए। कसैले पनि फकाउन नसकेपछि रोइरहेको बालकलाई विनिश्चय आसनमा बसिरहेका राजाकहाँ लगिदिए। राजाले उनलाई फकाउन थाले। यत्तिकैमा बालकले आफ्नो औंला राजाको मुखभित्र राखे। खटिरा राजाको मुखभित्रै फुट्यो। औंला झिक्दा बालक फेरि रोलान् भनी फुटेको खटिराको पीप सहितको रगत राजाले निलिदिए[2]। यस्तो थियो राजाको पुत्र-स्नेह।

राजगृह नगरमा अति धनाढ्य जोतीय भन्ने एक सेठ थिए। उनको श्रीसम्पत्तिको बयान सुनी बिम्बिसार राजा एकदिन उनीकहाँ हेर्न गएका थिए। त्यसबखत अजातशत्रु राजकुमार पनि बाबुको औंला समाती साथमा गएका थिए। ती जोतीय सेठको जुवाहारात युक्त सातताले प्रासाद देखेर बालक राजकुमारको मनमा यस्तो लागेको थियो— "अहो! मेरा पिता काठका घरमा बस्छन्। जहाँ कि यी जोतीय सेठ यस्तो सप्तरत्न युक्त प्रासादमा बस्छन्। म राजा भएपछि यिनलाई

---

१. जा. अ. क. III. पृ. १५०, जा. नं. ३७३.

२. दी. नि. अ. क. I. पृ. १५७–५८: सामञ्ञफलसुत्तवण्णना।

यो प्रासादमा बस्नदिने छैन[1]।"

यी राजकुमार सानो उमेरमा आफ्ना बाबुसँग बुद्धकहाँ जान्थे भन्ने कुरा सुमङ्गलविलासिनीले[2] उल्लेख गरेको छ। पछि उमेर बढ्दै गएपछि बिम्बिसार राजाले आफ्नो छोरालाई समयमै उपराजाको पदले पनि विभूषित गरेका थिए[3]।

१. धम्म. प. अ. क. पृ. ८३८: जोतियसेट्ठिवत्थु, ब्राह्मणवर्ग।

२. I. पृ. १७२: सामञ्ञफलसुत्तवण्णना।

३. दी. नि. अ. क. I. पृ. १५४.

देवदत्तसँगको भेटघाट

भगवान् बुद्ध कौशम्बीमा बसिरहनुभएको बेलामा श्रावक सहित बुद्धको निक्कै लाभसत्कार भएको थियो। त्यस समय हातमा माला आदि अनेक वस्तुहरू लिई मानिसहरू विहारमा गई "सारिपुत्र स्थविर कहाँ छन्, महामौद्गल्यायन स्थविर कहाँ छन्, महाकश्यप स्थविर कहाँ छन्, भद्दीय स्थविर कहाँ छन्, अनुरुद्ध स्थविर कहाँ छन्, आनन्द स्थविर कहाँ छन्, भगु स्थविर कहाँ छन् र किम्बिल स्थविर कहाँ छन् ?" भन्दै असीतिमहाश्रावकहरू[1] बसेका ठाउँहरू खोज्दै मानिसहरू हिंड्दथे। तर देवदत्त स्थविर कहाँ छन् ? भन्ने कुरा चाहि कसैले पनि सोध्दैनथ्यो। यही कारणले गर्दा देवदत्तको मनमा यस्तो लाग्यो—"म पनि यिनीहरूसँगै प्रव्रजित भएको हुँ। यिनीहरू जस्तै म पनि क्षत्री कुलबाट आएको हुँ। हातमा उपहार लिई मानिसहरू यिनीहरूको मात्र खोजि गर्छन्। मेरो नाम मात्र पनि कसैले लिदैनन्। लाभसत्कार प्राप्तिको निमित्त अब मैले के गर्नुपर्ला र कसलाई खुशी पार्नुपर्ला ?" अनि उनले यस्तो सोचे—"यी बिम्बिसार राजाले भगवान्सँगको पहिलो भेटैमा एघार लाख मानिसहरूसँग स्रोतापत्तिफल प्राप्त

---

१. असीतिमहाश्रावक भनेका को को हुन् भन्ने कुरा लेखकको बु. म. भा– १, पृ. ८९ को पादटिप्पणीमा उल्लेख भएको छ।

गरेका हुन्। यिनीसँग मेलमिलाप हुन सक्ने छैन। कोशल-राजासँग पनि मेलमिलाप हुन सक्नेछैन। यी राजाका छोरा अजातशत्रु अहिले तरुण छन्। यिनलाई कसैको गुणागुणको कुरा थाहा छैन। यिनैसँग एकसाथ हुनुपर्‍यो।" यति सोचेर उनी कौशम्बीबाट राजगृह गई ऋद्धिबलद्वारा आफ्नो शरीरमा अनेक सर्पहरूको आभूषण लगाईअजातशत्रु बसेको ठाउँमा गए। यो देखेर अजातशत्रु राजकुमार डराएपछि उनले आफ्नो भिक्षुभाव देखाई आफू देवदत्त हुँ भनी चिनाए। यसबाट अजातशत्रु अत्यन्त प्रभावित भएका थिए[1]। यसैको फल स्वरूप अजातशत्रु राजकुमार त्यहाँदेखि दिनको दुइपटक पाँचशय रथहरू लिई देवदत्तको उपस्थानको निमित्त जानथाले। यति मात्र होइन ५०० थाली पक्वान भोजनहरू पनि दिनदिनै पठाउन थाले[2]। जुन कुरा बु. रा–२. पृ. ६७ र ७१ मा उल्लिखित "देवदत्तसँगको भेट र पाँचशय रथहरू" भन्ने शीर्षकमा मूल पालिले उल्लेख गरेका छन्।

यति मात्र होइन देवदत्तको सत्कारको निमित्त अनेक धन खर्च गरी अजातशत्रुले गया गाउँको नजिकको गयाशीर्ष पर्वतमा विहार पनि बनाइदिएका थिए[3]। यो गया गाउँको

---

१. धम्म. प. अ. क. पृ. ८६–८७: देवदत्तवत्थु, यमकवर्ग; दी. नि. अ. क. I. पृ. १५४–५५.

२. सं. नि. II. पृ. २०१: पञ्चरथसुत्तं, लाभसक्कारसंयुत्तं।

३. जा. अ. क. I–II. पृ. ३७७: संजीवजातक, जा. नं. १५०.

आसपासमा एक पोखरी र एक नदी पनि थियो। यो गयाशीर्ष पर्वतमा हात्तीको टाउको जस्तै ढुङ्गाको एक चट्टान पनि थियो भनी संयुक्तनिकाय अर्थकथाले[१] उल्लेख गरेको छ।

१. III. पृ. ४: आदित्तसुत्तवण्णना, अनिच्चवग्गो।

पितृ हत्या

जब देवदत्तको मनमा उनले भनेका कुरा अजातशत्रुले भान्ने छन् भन्ने पूर्ण विश्वास भयो तब एकदिन उनले अजातशत्रुलाई यस्तो कुरा सुनाए—

"हे कुमार ! आजकल मानिसहरूको आयु कम छ। कसलाई थाहा छ कि तपाइँ राजकुमार छँदै मर्नुहुनेछ। अतः तपाइँले आपना पितालाई हत्या गरी राजा हुनुहोस् । म बुद्धलाई हत्या गरी बुद्ध हुनेछु।"

यो सुनेर अजातशत्रुको मनमा यस्तो लाग्यो— "देवदत्त बडो प्रभावशाली तथा ऋद्धिसम्पन्न व्यक्ति हुनुहुन्छ। वहाँले नजानेको कुरा केही छैन। अवश्य पनि वहाँले मेरो बारेमा केही कुरा जानुभएको होला[1]।"

यति सोचेर देवदत्तको कुमन्त्रणबाट आफू प्रभावित भई अजातशत्रुले आपना पिता बिम्बिसार राजालाई हत्या गर्ने निश्चय गरे। अनि दिउँसै तिघ्रामा शस्त्र लुकाई राजाको खोपीमा गए। जुन कुरा बु. रा–२. पृ. ७३ मा 'राजहत्याको प्रयत्न' भन्ने शीर्षकमा उल्लिखित मूल पालिले उल्लेख गरेको छ। जब राजकुमार हडबडाई दिनको समयमा राजाको खोपीभित्र गए तब उनलाई अङ्गरक्षकहरूले समाते। यस घटनापछि

---

१. दी. नि. अ. क. I. पृ. १५५

राजाले अजातशत्रुलाई नै राज्य सुम्पिदिए[1]। अनि उनले "मेरो मनोरथ पूरा भयो" भनी देवदत्तलाई सुनाए। यो सुनेर देवदत्तले "तपाइँ मुसालाई लुगाभित्र राखी खूब गरें भनी भन्नुहुन्छ। केहीदिन पछि तपाइँका पिताले आफूलाई गरेको अपमानलाई सम्झेर फेरि स्वयं राजा हुनसक्ने छन्" भनी भने।

"भन्ते ! त्यसोभए कसो गर्नु पर्ला त ?"

"जरो उखेले जस्तै गरी हत्या गर।"

"भन्ते ! मेरा पितालाई शस्त्रले हत्या गर्न सकिन्न।"

"त्यसोभए भोकैराखी मार।"

यति सुनी अजातशत्रु राजाले बिम्बिसार राजालाई आगोबाल्ने घरभित्र राखे। "मेरी आमा एकजनालाई बाहेक अरू कसैलाई पनि भित्र आउन नदेऊ" भनी पाले राखे। देवी सुनको बट्टामा भातराखी पटुकामा बाँधी राजाकहाँ जान्थिन्। राजाले सो भात खाई जीविका गर्दथे। "मेरा पिता कसरी जीविका गर्दछन् ?" भनी सोध्दा आमाको खबर सुनेपछि "मेरी आमालाई पेटमा केही राखी आउन नदेऊ" भनी आज्ञा दिए। त्यसपछि देवीले मुकुटभित्र लुकाई भात लैजान थालिन्। यो सुनेर "मुकुट लगाएर पनि जान नदिनू" भनी भने। त्यसपछि जुत्ताभित्र खाना लुकाई जान थालिन्। राजा यसबाट जीविका गर्दथे। फेरि "कसरी मेरा पिता

---

१. दी. नि. अ. क. I. पृ. १५५.

जीविका गर्दछन् ?" भनी सोध्दा यो कुरा पनि थाहापाई "जुत्ता लगाएर पनि जान नदिनू" भनी आज्ञा दिए। त्यसपछि सुगन्धित पानीमा नुहाई आफ्नो शरीरमा चतुमधु लेपन गरी पछ्यौरा ओढी देवी गइन्। राजाले उनको शरीर चाटी जीविका गर्न थाले। यो कुरा पनि सुने पछि "अब उप्रान्त मेरी आमालाई पनि जान नदेऊ" भनी भने। अनि देवी दैलोमा उभिई "स्वामी बिम्बिसार! बालक कालमै यसलाई मार्न दिनु भएन। आफ्नो शत्रुलाई आफैले पालनुभयो। अब यो मेरो अन्तिम दर्शन हुनेछ। अबदेखि मैले तपाईंलाई देख्न पाउने छैन। हे देव! यदि मेरो कुनै दोष छ भने मलाई क्षमा गर्नुहोस्!" भनी रुँदै फर्किन्।

त्यसदिनदेखि राजा भोकै भए। मार्गफलको सुखानुभव गरी चंक्रमण गरी जीवन यापन गर्न थाले। राजाको रूपशरीर अत्यन्त चम्किन थाल्यो। अनि अजातशत्रु राजाले "भणे! मेरा पिता कसरी जीविका गर्दैछन् ?" भनी सोध्दा "चंक्रमण गरी जीविका गर्दैछन्। वहाँको रूपशरीर अघिभन्दा चम्किलो छ" भनी भने। यो सुनेर "अब चंक्रमण गर्न रोक्नुपर्‍यो" भन्ने सोचे। यति सोची उनले "मेरा पिताका पैतालामा छुराले चिरी नून तेल लगाई छाला डढने गरी गोलको आगोमा पोलिदेऊ" भनी नाउहरूलाई पठाए। नाउहरू आएको देखी राजाले सोच्न थाले—"मेरो छोराभाई कसैले सम्झायो होला। यो नाऊहरू मेरो दाह्री जुङ्गा खौरन आएका होलान्। उनीहरू

आएर राजालाई ढोगी उभिइरहे।

"किन आएका ह्नौ ?" भनी सोधेपछि उनीहरूले राजाले पठाएको कुरा सुनाए। अनि "तिम्रा राजाको इच्छानुसार गर" भनी भनेपछि "देव ! त्यसोभए बस्नुहोस्" भनी राजालाई ढोगी "देव ! हामी राजाको आज्ञा बमोजिम काम गर्नेछौं। हामीमाथि नरिसाउनु होला। तपाइँ जस्ता धार्मिक राजाको निमित्त यो काम उचित छैन।" यति बिन्ति गरी देब्रे हातले गोलीगाँठामा समाती दाहिने हातले छुरा समाती पैतालामा चिरी नून तेल लगाई गोलको आगोमा पोलिदिए। राजालाई असह्य वेदना भयो। अनि "अहो बुद्ध ! अहो धर्म ! अहो सङ्घ !" भन्दै बुद्धानुस्मरण गर्दै चैत्यमा राखेको फूलमाला जस्तै ओइलाई चातुर्महाराजिक देवलोकको वैश्रवण राजाको परिचारकको रूपमा जनवसभ भन्ने यक्ष (देवता) भई उत्पन्न भए[१]।

त्यसैदिन अजातशत्रुको पुत्र जन्म्यो। पुत्र जन्मेको र पिता मरेको खबर दुबै एकै पटक आइपुग्यो। अनि अमात्यहरूले पहिले पुत्र जन्मेको समाचार सुनाउनेछौं भनी पुत्र जन्मेको पत्र राजाको हातमा राखिदिए। राजालाई गहिरो पुत्र-स्नेह उत्पन्न

---

१. दी. नि. अ. क. I. पृ. १५५–५७: सामञ्ञफलसुत्तवण्णना। यो जनवसभ यक्षको बारेमा लेखकको बु. रा. भा.–१, पृ. १०० मा हेर्नु बेश हुनेछ।

भयो। त्यसवखत राजाले पितृस्नेहलाई महसूस गरे। म जन्मिदा पनि मेरा पिताको मनमा यस्तै स्नेह उत्पन्न भएको होला। यति सोची राजाले "हे भणे! मेरा पितालाई छाडिदेऔ!" भनी भन्दा "महाराज! के छाड्नु हुन्छ र! तपाइँका पिता मरिसके" भन्दै अर्को पत्र हातमा राखिदिए।

यो समाचार सुनी रुँदै रुँदै आफ्नो आमाकहाँ गई "आमा! म जन्मिदा मेरा बाबुको मनमा पनि ममाथि यस्तो स्नेह उत्पन्न भएको थियो कि?" भनी सोध्दा "मूर्ख पुत्र! के भन्छस्! तँ सानो छँदा तेरो औंलामा खटिरा आएको थियो। तँलाई कसैले पनि फकाउन नसक्दा विनिश्चय आसनमा बसिरहेका तेरा पिताकहाँ लगे। तेरा पिताले तँलाई फकाउन काखमा लिए। त्यसबखत तैंले आफ्नो औंला बाबुको मुखभित्र हालिस्। त्यतिञ्जेल तेरो औंलाको खटिरा बाबुको मुखभित्रै फुट्यो। औंला झिक्दा तँ रोलास् भन्ने डरले तेरा बाबुले रगत र पीप त्यसै निलेका थिए। यस्तो थियो तेरा पिताको तँमाथि-को स्नेह!" भनी देवीले भनिन्। यो सुनेर अजातशत्रु खुबसँग रोए र रुँदै रुँदै पिताको अन्तेष्ठिक्रिया गरे[1]।

१. दी. नि. अ. क. I. पृ. १५७–५८: सामञ्ञफलसुत्तवण्णना।

कोशल राजासँग युद्ध

माथि उल्लेख गरेझैं कोशल राज्यका महाकोशल राजाले आपनी छोरी कोशलदेवीलाई अङ्ग-मगधका राजा बिम्बिसार-लाई विवाह गरिदिंदा छोरीको निमित्त काशी भन्ने गाउँ दाइजोको रूपमा दिएका थिए। जब अजातशत्रु राजाले आपना पिता बिम्बिसारलाई निर्मम हत्या गरे तब यसै शोकले गर्दा कोशलदेवीको पनि मृत्यु भएको थियो भनी जातकट्ठकथाले[1] उल्लेख गरेको छ। त्यसपछि प्रसेनजित् कोशल राजाले "अजातशत्रुले आपना पिता बिम्बिसारलाई मारे। त्यसैको शोकले गर्दा मेरी बहिनी कोशलदेवी पनि मरिन्। यस्ता पितृघातक चोरलाई यो काशी गाउँ दिने छैन" भन्ने सोचेर अजातशत्रुलाई सो गाउँ दिएनन्। यसैको कारणले गर्दा दुई राज्यको बीचमा समय समयमा युद्ध भएको थियो। अजातशत्रु चाहिं तन्नेरी मात्र होइनन् समर्थवान् पनि थिए। त्यसैले वृद्ध प्रसेनजित् कोशल राजा अजातशत्रुद्वारा बार बार पराजित हुनुपरेको थियो[2]। यसै सन्दर्भमा धम्मपदट्ठकथा[3] यस्तो उल्लेख गर्छ—

---

१. I–II. पृ. ६४५: वड्ढकी सूकरजातक, जा. नं. २८३.

२. जा. अ. क. I–II. पृ. ६४५: वड्ढकी सूकरजातक, जा. नं. २८३.

३. पृ. ५८४: कोसलरञ्ञो पराजयवत्थु, सुखवर्ग।

"काशी गाउँको कारणमा भाञ्जा अजातशत्रुसँगको युद्धमा तीन[1] तीन पटकसम्म पराजित भएपछि प्रसेनजित् कोशल राजाले 'दूध खाने जस्तो केटोसँग पनि पराजित हुनपर्‍यो' भन्ने शोक गरी खाना पनि खाएनन्।" यो कुरा सुनेर भगवान्‌ले—

"जयं वेरं पसवति, दुक्खं सेति पराजितो।
उपसन्तो सुखं सेति, हित्वा जय पराजयं।' भन्ने गाथा भिक्षुहरूलाई सुनाउनु भएको थियो।

एकदिन राजाले अजातशत्रुलाई पराजित गर्नको निमित्त के गर्नुपर्ला भनी अमात्यहरूसँग सोध्दा उनीहरूले "देव! आर्यहरू भनेका मन्त्रकुशल हुन्छन्। अतःएव जेतवन विहारमा गई भिक्षुहरूको कुरा सुन्नुपर्छ" भनी भनेको कुरा सुनी राजाले जेतवनमा चरपुरुषहरू पठाए।

एकदिन त्यहाँ उत्तर भन्ने र धनुग्गह[2] भन्ने स्थविरहरूको बीचमा भइरहेको कुरा सुने। उनीहरूले युद्धमा पद्मव्यह,

---

१. जा. अ. क. V. पृ. ५०: तच्छसूकर जातकमा भने तीनपटकसम्म पराजित भएको कुरा उल्लेख भएको छैन। यो जातकको अनुवाद लेखकको जा. सं. भा– ३, पृ. २३० मा भएको छ।

२. सं. नि. अ. क. I. पृ. १२१: दुतिय सङ्गामसुत्तवण्णना, कोसलसंयुत्तमा चाहिं बुद्धरक्खित र धम्मरक्खित भनी उल्लेख भएको छ।

चक्रव्यूह र सकटव्यूह भन्ने हुन्छन्। अजातशत्रुलाई समात्न चाहनेले अमुक पहाडहरूको बीचमा सेना राखी यसो यसो गरी सकटव्यह बनाई समात्न सकिन्छ भन्ने युद्ध सम्बन्धी कुरा गरिरहेको सुने। त्यसपछि उनीहरूले राजालाई यो कुरा सुनाए। राजाले सोही बमोजिम तयार गरी फेरि अजातशत्रु-सँग युद्ध गरे। यसपटक राजाले अजातशत्रुलाई जिउँदै घेरामा पारी सेनासहित समाते। अनिपछि प्रसेनजित् राजाले अजातशत्रुलाई सम्झाई बुझाई आफ्नी छोरी वजिर[1] कुमारीलाई दिए[2]। यसको साथसाथै काशी गाउँ पनि फर्काई आफ्नो छोरीको निमित्त दाइजोको रूपमा दिएका थिए भनी जातकट्ठ-कथाले उल्लेख गरेको छ[3]।

कोशल राजासँग समय समयमा युद्ध भएका कुराहरू बुद्धकालीन राजपरिवार भाग–२ को पृ. ८२ मा उल्लिखित मूल सूत्रहरूबाटै प्रष्ट भएको छ।

---

१. म. नि. II. पृ. ३५६: पियजातिसुत्तंमा 'वजिरी'; जा. अ. क. I–II. पृ. ६४६, जा. नं. २८३ मा र जा. अ. क. V. पृ. ५१, जा. नं. ४९२ मा चाहिं 'वजिर' भनी उल्लेख भएको छ; बु. रा.–१ पृ. १६८।

२. जा. अ. क. I–II. पृ. ६४५: वड्ढकी सूकर जातक, जा. नं. २८३ र जा. अ. क. V. पृ. ५०: तच्छसूकर जातक जा. नं. ४९२.

३. जा. अ. क. I–II पृ. ६४६, जा. नं. २८३.

यहाँदेखि अजातशत्रु र प्रसेनजित् राजाहरूको बीचमा सुमधुर सम्बन्ध रहेको कुरा मज्झिमनिकाय भाग-२ को बाहित सूत्रमा उल्लिखित सोह्रहात लामो र आठ हात चौडाइ भएको गलैंचा अजातशत्रुले प्रसेनजित् राजालाई पठाएको उपहारबाट हामी बुझ्न सक्छौं[४]।

जब दीर्घकारायणले धोका दिई विडूडभ राजकुमारलाई सिंहासनमा राखे तब प्रसेनजित् कोशल राजाको मनमा सारै दुःख लागेको थियो। अनि अजातशत्रुलाई साथमा लिएर फेरि आफ्नो राज्य आफ्नै हातमा लिनेछु भन्ने बिचार गरी उनी राजगृहतिर लागे। अभाग्यवश उनी राजगृह पुग्दानपुग्दै नगरद्वार बन्द भएको हुँदा नगर बाहिरै एक धर्मशालामा बास बसे। उनको मृत्यु उहीं भयो। जब अजातशत्रु राजाले प्रसेनजित् कोशल राजाको मृत्यु भएको खबर सुने तब महान सत्कारपूर्वक उनको अन्त्येष्ठिक्रिया गरे। पछि विडूडभमाथि हमला गर्ने बिचारले सेना एकत्रित गराए। त्यसबखत राजालाई अमात्यहरूले "महाराज! यदि प्रसेनजित् कोशल राजा बाँचेका भए तपाइँ जान योग्य थियो। अब उनी छैनन्। विडूडभ पनि तपाइँको कृपाले छत्र धारण गर्न योग्य छन्" भनी

---

४. यो उपहारको कुरा लेखकको बु. रा. भा-१, पृ. ३२० मा अनुदित उक्त सूत्रमा उल्लेख भएको छ।

सम्झाएपछि राजा शान्त भए[1] । यो पनि अजातशत्रुको मित्रताको चिह्न हो ।

अजातशत्रु राजाका छोरा उदयभद्र[2] कुमार प्रसेनजित् राजाकी छोरी वजिर कुमारीको तरफबाट भएका हुन् भनी डा. मललसेकरले आफ्नो D. P. P- I. पृ. ३१ मा उल्लेख गरेका छन् ।

उदयभद्र राजकुमार अजातशत्रुका छोरा हुन् भन्ने कुरा चाहिं दीघनिकाय भाग–१, पृ. ४४ को सामञ्ञफलसुत्तबाट पनि प्रष्ट हुन्छ ।

---

१. पपं. सू. III पृ. २४४: धम्मचेतिय सुत्तवण्णना; धम्म. प. अ. क. पृ. २१८: विडूडभवत्थु, पुप्फवग्गो ।

२. दी. नि. I. पृ. ४४: सामञ्ञफलसुत्तं ।

पितृहत्यापछिको क्रियाकलाप

"बिम्बिसार सुतो 'जातसत्तु तं घातयामति ।
रज्जं द्वत्तिसवस्सानि महामित्तद्दु कारयि ।।
अजातसत्तुनो वस्से अट्ठमे मुनि निब्बुतो ।
पच्छा सो कारयीरज्जं वस्सानि चतुवीसति ।।"

महावंश टीका दुतिय परिच्छेद पृ. १०५, १०६ को गाथा संख्या ३१, ३२ अनुसार बिम्बिसारका छोरा अजातशत्रुले आपना पिताको हत्या गरी ३२ वर्षसम्म राज्य गरे। बुद्धहुनुञ्जेलसम्म ८ वर्ष त्यसपछि २४ वर्ष गरी ३२ वर्ष भनिएको हो। अजातशत्रुले राज्य चलाएको आठौं वर्षमा बुद्धको परिनिर्वाण भएको थियो। बुद्धपरिनिर्वाणपछि उनले २४ वर्षसम्म राज्य गरे[1]।

देवदत्तको कुमन्त्रणद्वारा आपना पिताको हत्या गरिसकेपछि तथा बुद्धपरिनिर्वाणभन्दा आठ वर्ष अघि राजा भएपछि सर्वप्रथम अजातशत्रुले राजगृहका जोतीय सेठको प्रासाद लिनुपर्‍यो भनी सेनासहित उनी त्यहाँ गए। तर जोतीय सेठको प्रासादको मणिमय भित्तामा आपना सेनाको छाया देखी "गृहपति मसँग लड्नको निमित्त सेना सहित निस्कँदैछन्" भन्ने ठानी अगाडि

---

१. सम. पा I पृ. ६३: बाहिरनिदानकथा ।

बढन सकेनन् । त्यसदिन बिहान सबेरै जोतीय सेठ उपोसथिक भई बिहानको खानाखाई बिहारमा गई भगवान्को धर्मोपदेश सुन्दै थिए। सेठको पहिलो ढोकामा पालो बसिरहेका यमक-मोली यक्षले देखेर राजासहित सेनालाई लखेट्न थाले। कहाँ जाऊँ कहाँ जाऊँ भई राजा बिहारमा गए। अनि त्यहाँ राजालाई देखेर आसनबाट उठी सेठले उनलाई सम्बोधन गरे। अनि राजाले उनलाई यसो भने—

"गृहपति ! आपना मानिसहरूलाई मसँग लड भनी तिमीचाहिं यहाँ आई उपदेश सुनेको जस्तो गरी बसेकाछौ।"

"देव ! तपाइँ मेरो घर लिन जानुभएको थियो ?"

"हो, गएको थिएँ।"

"देव ! मेरो इच्छाबिना हजारौं राजाहरू आए पनि मेरो घर लिन सक्ने छैनन्।"

यो सुनेर रिसाउँदै राजाले "के त तिमी राजा हुनेछौ त ?" भनी भने।

"देव ! म राजा होइन। मकहाँ भएका वस्तुहरूमध्ये मेरो इच्छाबिना एक टुक्रो पनि कसैले केही लिन सक्दैन।"

"अँ, त्यसोभए तिम्रो इच्छानुसार मैले लिनपर्‍यो त !"

"देव ! त्यसोभए म मेरा यी दश औंलामा भएका बीसवटा औंठीहरू तपाइँलाई दिन चाहन्न। यदि सक्नुहुन्छ भने लिनुहोस्।"

अनि राजा टुक्रुक्क भुइमा बसी सेठको हातबाट औंठी झिक्न निकै कोशिस गरे। पसिना आउञ्जेलसम्म कोशिस गर्दा पनि औंठी झिक्न सकेनन्।

अनि सेठले "देव! त्यसोभए कपडा बछ्याउनुहोस्" भनी कपडा बछ्याउन लगाई औंला सीधापारी राखिदिए। औंठीहरू औंलाबाट खुल्लुक्क खसे। अनि सेठले "देव! यसरी सकहाँ भएको कुनै पनि वस्तु मेरो इच्छाविना कसैले लिन सक्तैन" भनी भने। राजाको यस क्रियाकलापबाट सेठ विरक्तिई "हे देव! मलाई प्रव्रजित हुने आज्ञा दिनुहोस्" भनी निवेदन गरे। "यी सेठ प्रव्रजित भएमा यिनको प्रासाद मैले सजिलैसँग लिन सक्नेछु" भन्ने मनमा राखी राजाले एकै वचनमा "हुन्छ प्रव्रजित होऊ" भनी आज्ञादिए। उनी शास्ताकहाँ गई प्रव्रजित भए। प्रव्रजित भएको केही समयमै उनी अरहन्त पनि भए। अनि उनको नाम जोतीय स्थविर भन्ने रहनगयो। उनी अरहन्त हुनेबित्तिकै उनका सारा सम्पत्तिहरू लोप भए[1]।

थेरगाथा अट्ठकथा[2] अनुसार बिम्बिसार राजाका शीलव भन्ने एक अर्का छोरा थिए। यिनी ठूला भएपछि यिनलाई मार्ने इच्छा गरी अजातशत्रु राजाले अनेक उपाय गर्दा पनि मार्न सकेनन्। पछि उनी महामौद्गल्यायन स्थविरको सहायताद्वारा

---

१. धम्म. प. अ. क. पृ. ८४५: जोतियत्थेरवत्थु, ब्राह्मणवर्ग।

२. II. पृ. २५६: सीलवत्थेरगाथा अट्ठकथा।

भगवान्‌कहाँ भिक्षु भई अरहन्त भए। त्यसपछि उनी श्रावस्ती-मा बस्नथाले। अजातशत्रु राजाले उनलाई श्रावस्तीसम्म पनि मानिसहरू पठाई मार्न पठाएका थिए। किन्तु मार्न गएका मानिसहरू सबै उनकै धर्मोपदेश सुनी भिक्षु भएका थिए। बिम्बिसार राजाका कति जना छोरा छोरीहरू छन् भन्ने कुरा बु. रा–१. पृ. २८ मा उल्लेख भएको छ।

देवदत्तलाई सहयोग

अजातशत्रुले पितृहत्या गरिसकेपछि एकदिन देवदत्त अजातशत्रुकहाँ गई "महाराज ! तपाईंको मनोरथ पूरा भइसक्यो अब मेरो मनोरथ पूरा हुन बाँकी छ" भनी भन्दा अजातशत्रुले "भन्ते ! त्यसोभए भन्नुहोस् मैले के गर्नु पर्‍यो" भनी भन्दा देवदत्तले "महाराज ! अब बुद्धलाई हत्या गरी म पनि बुद्ध हुनेछु। अतःएव तपाईंले त्यसको लागि मानिसहरूलाई मैले अह्राए बमोजिम गर भन्ने आज्ञा दिनुहोस्" भनी भने[१]।

अनि अजातशत्रुले "देवदत्तले जसो भन्नुहुन्छ त्यसो गर" भनी मानिसहरूलाई खटाइदिए। यसरी अजातशत्रुले बुद्धको हत्या गर्नको निमित्त पनि सहायता गरे। जुन कुरा बु. रा–२. पृ. ७७ मा 'देवदत्तलाई सहयोग' भन्ने शीर्षकमा उल्लेख भएको छ।

अजातशत्रुले पठाएका मानिसहरू लगाई बुद्धको हत्या गर्न नसकेपछि अजातशत्रुकै सहायता लिई गृद्धकूट पर्वतबाट ढुङ्गा खसाली देवदत्तले बुद्धको हत्या गर्ने प्रयत्न गरेका थिए। यसबाट बुद्धलाई चोट लागेको थियो। यस कार्यबाट पनि बुद्धलाई मार्न नसकेपछि देवदत्तले अजातशत्रुको नालागिरि वा धनपाल भन्ने प्रचण्ड हात्ती पठाई मार्ने कुनियत गरे।

---

१. जा. अ. क. VII. पृ. १११: खण्डहाल जातकं, जा.नं. ५४२.

अजातशत्रुले पनि "देवदत्तले भन्नुभए बमोजिम नालागिरि हात्तीलाई पठाउन्" भन्ने आज्ञा दिए[1]।

जब देवदत्तले नालागिरि हात्ती मागे तब अजातशत्रु राजाले माहुतेलाई बोलाई यसो भने—

"सौम्य! भोलि बिहान सबेरै नालागिरि हात्तीलाई रक्सी पिलाई मत्तपारी मत्याई श्रमण गौतम भिक्षाटन्को निमित्त आउने बाटोमा छोडिदेऊ[2]।"

यतिञ्जेलसम्म अजातशत्रुले देवदत्तलाई मद्दत दिइरहेको कुरा कसैलाई थाहा थिएन गोप्य नै थियो। जब बुद्ध भगवान् भिक्षाटन् गइरहेको राजगृहको बाटोमा नालागिरि हात्तीलाई छाडिदिए तब अजातशत्रुले देवदत्तलाई मद्दत गरिरहेको कुरा प्रकट भयो।

अनि मानिसहरू अजातशत्रु राजाको निन्दा गर्दै कराउन थाले—देवदत्तको कुरा सुनी आफ्नो पिताको पनि हत्या गरे। बुद्धलाई मार्नको निमित्त मानिस पनि पठाए। गृद्धकूटबाट ढुङ्गा खसाल्न पनि मद्दत गरे। अहिलेचाहिं यो प्रचण्ड

---

१. धम्म. प. अ. क. पृ. ८७–८८: देवदत्तवत्थु, यमकवर्ग; उहीं पृ. ३६६: जीवकवत्थु, अरहन्तवर्ग; दी. नि. अ. क. I. पृ. १७५: सामञ्ञफलसुत्तवण्णना।

२. जा. अ. क. VI. पृ. १८५: चुलहंस जातक, जा. नं. ५३३.

नालागिरि हात्तीलाई पनि छाडिदिए। यस्ता शासनको काँढा समान चोर देवदत्तको महत गर्दैछन् !"

"राजा जस्ता भएर पनि देवदत्त जस्ता चोर शासनको काँढालाई अँगालो हिंडदैछन्" भन्ने होहल्ला सारा नगरमा बेसरी फैलिएको सुनेपछि त्यहाँदेखि अजातशत्रु राजाले देवदत्तलाई पठाइरहेका पाँचसय थाली पक्वान्न भात पनि पठाउन छाडिदिए। उनको उपस्थानमा पनि गएनन्। देवदत्तको सत्सङ्गत गर्न पनि छाडिदिए[1]।

देवदत्तसँग सत्सङ्गत गर्नु मन्दा अगाडि अजातशत्रु आफ्ना पिता बिम्बिसार राजासँग बुद्धकहाँ जाने कुरा साथि पनि चर्चा गरिसकेको छु। तर देवदत्तको सत्सङ्गतपछि आफ्ना पिताको हत्या गरे। अनि उनी बुद्धकहाँ जान सकेनन्[2]।

---

१. सम. पा. II पृ. ८३०–३१: बात्तिसतिमपाचित्तियं; धम्म. प. अ. क. पृ. ८८: देवदत्तवत्थु, यमकवग्ग; इति. वु. अ. क. पृ. ८४: सङ्घभेदसुत्तवण्णना।

२. दी. नि. अ. क. I. पृ. १७२: सामञ्ञफलसुत्तवण्णना।

पितृहत्यापछि मानसिक अशान्ति

स्रोतापन्न भएका परम बुद्ध उपस्थाक धार्मिक धर्मराजा भएका आफ्ना पिताको हत्या गरिसकेपछि अजातशत्रुको मनमा कत्ति पनि शान्ति भएन। कुनै प्रकारको चैन थिएन। उनले राज्यसुखानुभव पनि गर्न सकेका थिएनन्। दिन वा रातमा सुत्छु भनी आँखा चिम्लिने बित्तिकै आँखामा तीरले घोचे जस्तो हुने अथवा आँखामा खुर्सानी हालेको जस्तो अनुभव हुँदा तुरन्तै बिछ्यानबाट उठ्दथे। किन के भयो भनी साध्दा केही भएको छैन भनी भन्दथे। त्यसैले उनको नीद अप्रिय तथा अमनाप थियो[1]।

बनारसमा एक कंजूस तथा अश्रद्धालु सेठ थिए। उनकी छोरीको राजगृह नजिकको अन्धकविन्द भन्ने गाउँमा विवाह भएको थियो[2]। यी गृहपति मरेपछि एक प्रेत भए। उता अन्धकविन्दमा बस्ने उनकी छोरीले बाबुको नाममा ब्राह्मणहरूलाई दानदिने तयारी गरिरहेकी थिई। अनि सो प्रेतले यो कुरा थाहापाई छोरीको घरमा जान्छु भनी गइरहेको बेलामा उ राजगृहमा पुगेको थियो।

यसैबेला निदाउन नसकी डरलाग्दो स्वप्न देखी उठेका अजातशत्रु राजा प्रासादको माथिल्लो तलामा गई डुलिरहेका

१. दी. नि. अ. क. I पृ. १६०: सामञ्ञफलसुत्तवण्णना।

२. बु. प्रे. पृ. १५२: चुल्लसेट्ठिपेतवत्थु।

थिए। त्यसैबेला यो प्रेतलाई देखेर कुनै श्रमण होलान् भन्ने बिचारले राजाले यसो भने -

"नग्गो किसो पब्बज्जितोसि भन्ते,
रत्तिं कुहिं गच्छसि किस्सहेतु ।
आचिक्ख मे तं अपि सक्कुनेमु,
सब्बेन वित्तं पटिपादये तुव'न्ति ।।

अर्थ—

"भन्ते ! तिमी नाङ्गा र दुब्ला प्रव्रजित छौ। यस्तो रातको समयमा तिमी के कामले कहाँ जाँदैछौं ? तिमी के चाहन्छौ भन। म तिम्रो इच्छा पूरा गरिदिने छु।"

यो सुनेर सो प्रेतले आफू प्रेत भएको र आपनी छोरीले दिनलागेको दानको फल पाउने आशाले जान लागेको कुरा सुनायो। यो पनि राजालाई भन्यो कि अघि दानको फललाई विश्वास गर्दैनथें। अब विश्वास हुन थाल्यो। यति सुनेर अजातशत्रु राजाले "त्यसोभए दानको फल पाए नपाएको कुरा मलाई सुनाउन आऊ। म तिम्रो कुरा सुन्नेछु" भनी भने।

सो प्रेत गएर अदक्षिणेयहरूलाई दान दिइरहेको देखेर फर्केर पुनः राजाकहाँ आयो। अनि राजाले "यदि मैले गर्नुपर्ने केही छ भने भन म गर्नेछु" भनी भन्दा उसले "त्यसोभए बुद्ध र

सङ्घलाई अन्नपान वस्त्रादि दानदिएमा म सुखी हुनेछु" भनी भनेको कुरा सुनी उसैदिन बिहान अनुपम भएका सङ्घलाई राजाले आपनै हातले दानदिई पुण्यानुमोदन गराए। सो प्रेत पनि सुखी तथा मुदित भई राजालाई आपनो प्रभावशाली रूप देखाएर गयो[1]।

उता देवदत्त लाभसत्कारबाट परिहानी भई अभव्य भएर बिरामी भएपछि श्रावस्तीमा गई बुद्धको दर्शन गर्नेछु भनी जाँदा जेतवनको बाहिरै पृथ्वी फुटेर जमिन भँडखारो परेको कुरा[2] सुनी "उनको कारणले गर्दा मैले पनि मेरा धार्मिक धर्मराजा पिताको हत्या गरें। म पनि पृथ्वीमै भासिएर जानेहुँ कि क्याहो" भन्ने मानसिक भयत्रास लागी कुनै राजसुखको आस्वाद लिन सकेका थिएनन्। निदाउँछु भनी सुत्दा केहीछिनपछि नै नौ योजन बाक्लो फलामे पृथ्वीमा खसाली फलामे भालाले झोसेको जस्तै कुकुरले टोकेर लुछातानी गरेको जस्तै देखेर भयभीत भई चिच्याउँदै तुरन्त उठ्थे[3]।

उज्जैनका चण्डप्रद्योत राजा बिम्बिसार राजाका अत्यन्त विश्वासी साथी थिए। देवदत्तको कुमन्त्रणा सुनी

---

१. पेत. व. अ. क. पृ. ७९–८२: चुल्लसेट्ठिपेतवत्थु। यो कथा लेखकको बु. प्रे. पृ. १५२ मा उल्लेख भएको छ।

२. सं. क. धम्म. प. पृ. ९७: देवदत्त– १२, यमकवर्ग।

३. जा. अ. क. VI. पृ. १२७: सङ्किच्च जातकं, जा. नं. ५३०; जा. अ. क. I–II. पृ. ३७७: संजीवजातक, जा. नं. १५०.

अजातशत्रुले बिम्बिसार राजाको हत्या गरे भन्ने कुरा सुनी प्रद्योत राजाले एकदिन आफ्नो परिषद्लाई "यी अजातशत्रुले मेरा प्रिय मित्र बिम्बिसार राजालाई हत्या गरी राज्य चलाउनेछु भन्ने ठान्दछन्। किन्तु उनलाई मेरा साथीको साथी म भएको कुरा जनाउनेछु" भनी सुनाएका थिए[1]।

प्रद्योत राजाको यस कुरामा आशङ्का गरी अजातशत्रु राजाले राजगृह नगरको प्रतिसंस्करण पनि गराएको कुरा[2] मज्झिमनिकाय भाग–३, पृ. ६८ को गोपकमोग्गल्लान सूत्रबाट प्रष्ट हुन्छ।

१. पपं. सू. IV पृ. ४९: गोपकमोग्गल्लानसुत्तवण्णना।

२. यो प्रतिसंस्करण गर्ने काम बुद्ध परिनिर्वाण र वहाँको धातुविभाजन गरिसकेपछि भिक्षुहरू सङ्गायना गर्नको निमित्त राजगृहमा आइसकेपछि गरेका हुन् भनी पपं. सू. IV. पृ. ४९: गोपकमोग्गल्लानसुत्तवण्णनाले उल्लेख गरेको छ।

बुद्धकहाँ जाने इच्छा

आज कार्तिक पूर्णिमाको जुनेली रात थियो। राजगृह नगरमा ठूलो उत्सब थियो। नगरमा जताततै ध्वजा पताका-हरूले सजाएका थिए। पञ्चवर्ण फूलहरू छरिएका थिए। सडकहरू सफा सुग्घर गरिएको थियो। आ-आफ्ना घर अगाडि ढोकाहरू बनाइराखेका थिए। नगरभरी दीपावली मनाइएको थियो। रमाइलो रात थियो। आकाश स्वच्छ तथा निर्मल थियो। शीतल सुन्दर रमाइलो चन्द्रमा आकाशमा चम्किरहेको थियो। अजातशत्रु राजा पनि त्यस जुनेली रातमा प्रासादको माथिल्लो भागमा सजिसजाउ भएको काञ्चन आसनमा अनेक राजअमात्यहरूका साथ बसिरहेका थिए। भगवान् बुद्धका परम भक्त राजदरबारका सुप्रसिद्ध जीवक वैद्य पनि परिषद्को एक छेउमा बसेका थिए[1]।

यद्यपि राजा सबैसँग त्यहाँ बसेका थिए तापनि राजाको मनमा चाहिं पितृहत्याको कारणले गर्दा मनमा कुरा खेलिरहेको थियो। यसबाट यस जीवनमा राजाले कुनै प्रकारको आश्वासन पाउन सकेका थिएनन्। आश्वासन

---

१. जा. अ. क. I–II. पृ. ३७७: सञ्जीवजातक, जा. नं. १५०; जा. अ. क. VI. पृ. १२७: सङ्किच्चजातक, जा. नं. ५३०; दी. नि. अ. क. I. पृ. १६०: सामञ्ञफलसुत्तवण्णना।

पाउनको निमित्त एउटै मात्र उपाय बुद्धकहाँ जाने भन्ने मनमा लागेको थियो। पितृहत्या मात्र होइन बुद्ध प्रति पनि महान अपराध गरेको हुँदा एक्लै बुद्धकहाँ जाने हिम्मत गर्न सकेका थिएनन्। यो कुरा सम्झदा उनलाई डाह हुन्थ्यो र पसिना निस्कन्थ्यो। त्यसैले के गरी कसो गरी बुद्धकहाँ जाने होला भन्ने मनमा लागेको थियो। जीवकको सहायता लिई जानुपर्‍यो भन्ने पनि मनमा लागिरहेको थियो। तर यो कुरा जीवकलाई सोझै भन्न सक्दैनथे। त्यसैले कुनै उपाय निकाली जीवकसँग बुद्धकहाँ जानुपर्‍यो भन्ने मनमा निश्चय गरी त्यस सभाषद्‌मा कुरा निकाल्दै राजाले "अहा! आज कस्तो रमाइलो जुनेली रात छ! यस्तो रातमा कुनै श्रमण-ब्राह्मणको उपासना गर्नपाए कति राम्रो हुने थियो[1]" भन्ने जस्तो कुरा निकाले। त्यसैले बु. रा–२, पृ. ९० मा उल्लिखित 'श्रामाण्यफल' शीर्षकको मूल सूत्रमा "आज कुन श्रमण वा ब्राह्मणको सत्सङ्गत गरूँ जसको सत्सङ्गत गर्दा प्रफुल्लित चित्त हुनसकोस्" भनी भनिएको हो।

यी सबै कुरा राजाले जीवकलाई नै संकेत गरी सुनाउँदै थिए भनी सुमङ्गलविलासिनीले उल्लेख गरेको छ[2]।

---

१. दी. नि. अ. क. I. पृ. १६१: सामञ्ञफलसुत्तवण्णना; जा. अ. क. I–II. पृ. ३७७; जा. अ. क. VI. पृ. १२८ जा. नं. ५३०.

२. I. पृ. १६१.

त्यस परिषद्मा बुद्ध बाहेक अन्य छ शास्ताहरूलाई मान्ने मन्त्रीहरू पनि थिए। जब राजाले उक्त कुरा प्रकट गरे तब त्यहाँ भएका ती शास्ताका अनुयायी मन्त्रीहरूले "आज राजाले कुनै श्रमण वा ब्राह्मणकहाँ जाने इच्छा प्रकट गर्दैछन्। जसकहाँ गई जसको धर्म सुनी राजा खुशी हुने छन् उसको ठूलो लाभ हुनेछ। यसबाट उनका अनुयायी हुनेको पनि महालाभ हुनेछ" भन्ने विचार गरी "मैले राजालाई मेरा शास्ताकहाँ लिएर जानेछु" भन्दै त्यहाँ बसिरहेका छजना मन्त्रीहरूले आ-आपना शास्ताको गुणबखान गर्नथाले। राजाले यी छः शास्ताका कुराहरू सुनिसकेका थिए। त्यसैले यिनीहरूका कुरा सुनी राजा चुपलागेर बसे। जुन कुरा बु. रा–२, पृ. ९० मा अनुदित सामञ्ञफलसुत्तले पनि उल्लेख गरेको छ।

त्यसबखत जीवक चाहिं एक छेउमा चुपलागेर बसिरहेका थिए। अनि राजाले सोचनथाले— "जसका कुरा म सुन्न चाहन्न उनीहरू नै कुरा गर्दैछन्। जसको कुरा सुन्न चाहन्छु उ भने नागभवनमा बसेको गरुड जस्तै चुपलागेर बसेको छ। जस्तो भगवान् बुद्ध शान्तिप्रेमी हुनुहुन्छ त्यस्तै यी जीवक पनि शान्तिप्रेमी छन्। मैले नसोधेसम्म यिनले कुनै कुरा गर्ने छैनन्।"

अरूहरू आ-आपना गुरुका बयान सुनाउनमा व्यस्त थिए। जीवक चाहिं उनीहरूको कुरा सुनी चुपचाप बसिरहेका थिए। अनि उनलाई कुरा गराउन राजाले उनलाई हेरी

"जीवक ! तिमी चाहिं किन चुपचाप बसेका ह्वौ ? के तिम्रा शास्ता छैनन् ?" भनी भनेपछि जीवकले अरू मन्त्रीहरूले आ-आपना शास्ताको नमस्कार गरी आसनमै बसी राजालाई कुरा सुनाए झैं कुरा नसुनाई आसनबाट उठी जुन दिशातिर भगवान् बुद्ध बसिरहनु भएको छ सो दिशातिर हेरेर पञ्चाङ्ग वन्दना गरी दुइहात जोरी शीरमा राखी यस्तो भने—

"महाराज ! यो नसोध्नुहोस् कि यी जीवक जो पायो त्यो श्रमण वा ब्राह्मणकहाँ जान्छन् । जुन श्रमणकहाँ म जान्छु, जुन श्रमणको म अनुयायी छु सो श्रमण आमाको कोखमा जाँदा, आमाको कोखबाट निस्कँदा, महाभिनिष्क्रमण गर्दा सम्बोधि प्राप्ति गर्दा तथा धर्मचक्र प्रवर्तन गर्दा दशसहस्र लोकधातु कम्पित भएको थियो । यस्तैगरी वहाँले यमकप्रातिहार्य पनि देखाउनु भएको थियो र त्रयस्त्रिंश देवलोकबाट ओर्लिनु भएको थियो । त्यस्ता श्रमण गौतमको बारेमा म केही भन्दछु । ध्यानदिएर सुन्नुहोस् ।"

यो कुराबाट राजाको ध्यान आकर्षित गरी जीवक अगाडि भन्दछन् ।

"महाराज ! वहाँ भगवान्को यस्तो कल्याण कीर्ति शब्द लोकमा फैलिएको छ । वहाँ भगवान् अरहत् सम्यक्-सम्बुद्ध हुनुहुन्छ । वहाँ भगवान् असल मार्गमा जानु भएको छ । वहाँ भगवान् देवमनुष्यहरूका शास्ता हुनुहुन्छ... ।"

यसरी नौ प्रकारले बुद्धको गुण वर्णन गरे। यसरी एक एक पदको वर्णन गरिसकेपछि "महाराज! मेरा शास्ता अरहन्त हुनुहुन्छ, सम्यक्सम्बुद्ध हुनुहुन्छ..." भन्दै "हे देव! त्यस्ता भगवान् बुद्धको उपासना गरी सत्सङ्गत गर्नुहोस्। अवश्य पनि त्यस्ता भगवान्को सत्सङ्गतद्वारा र उपासनाद्वारा तपाइँलाई शान्ति मिल्नेछ तपाइँको चित्त पनि प्रसन्न हुनेछ। वहाँकहाँ गई जे चाहनुहुन्छ त्यो सोध्नुहोस्। तपाइँ जस्ता शय हजार राजाहरूले प्रश्न सोधे पनि वहाँ सन्तोषजनक तथा चित्त बुझ्नेगरी उत्तर दिन समर्थ हुनुहुन्छ। महाराज! विश्वस्त भई तपाइँ त्यहाँ गई भगवान्सँग प्रश्न सोध्नुहोस्" भनी भने।

जीवकको सुमधुर आवाजद्वारा बुद्धको गुण सुन्दासुन्दै राजाको शरीर पञ्चवर्ण प्रीतिले भरियो। अनि उतनाघरीमै बुद्धकहाँ जाने इच्छा गरी "यस्तो बेलामा दशबल[1] बुद्धकहाँ जानको लागि जीवकले वाहेक अरू कसैले यानवाहनादिको व्यवस्था तुरन्त गर्न सक्नेछैन" भन्ने सोचेर "त्यसोभए जीवक! हस्तीयानहरू तयार गर बुद्धकहाँ जानेछु" भनी आज्ञादिए[2]।

१. 'दशबल' भनेको तथागतको विशेषण हो। तथागतमा दशबलको गुण छ। यो दशबलको बारेमा लेखकको बु. श्रा. च. भा–३, पृ. २९६ मा उल्लेख भएको छ।

२. दी. नि. अ. क. I. पृ. १६१–६७: सामञ्ञफलसुत्तवण्णना।

बुद्धकहाँ गए

त्यसबखत राजगृहका प्राकार र गृद्धकूट पर्वतको बीचमा पर्ने जीवककै आम्रवनमा[1] भगवान् बुद्ध साँढे बाह्रशय भिक्षुहरूका साथ शान्तपूर्वक बसिरहनु भएको थियो।

यानवाहनहरू धेरै प्रकारका छन्। जस्तै–रथहरू, घोडाहरू, पाल्कीहरू तथा हात्तीहरू। घोडा र रथबाट जाँदा आवाज धेरै आउँछ। टाढैबाट पनि आवाज सुनिन्छ। रात्रीको अवस्थामा शान्तपूर्वक बसिरहनुभएका बुद्धकहाँ जाँदा होहल्ला गरी जानु उचित हुने छैन। हात्तीमा जाँदा चाहिं आवाज आउँदैन। अतः हात्ती नै उत्तम छ। उत्तम पुरुषकहाँ जान उत्तम यानबाट नै जानुपर्छ। हात्तीको पछि पछि लागेर गएता पनि आवाज सुनिदैन। शान्त हुनु भएका बुद्धकहाँ जान शान्तपूर्वक नै जानुपर्छ भन्ने विचार गरेर राजाले "हात्ती यान तयार पार" भनी भन्नुभएको हो भनी सुमङ्गलविलासिनीले उल्लेख गरेको छ[2]। त्यसैले दी. नि. पा. I. पृ. ४३ सामञ्ञफलसुत्तं मा र. बु. रा–२. पृ. ९५ को 'श्रामण्यफल' भन्ने मूल सूत्रमा "सौम्य

---

१. दी. नि. अ. क. I. पृ. १७०: सामञ्ञफलसुत्तवण्णना।

२. I पृ. १६७: सामञ्ञफलसुत्तवण्णना; जा. अ. क. I–II. पृ. ३७७–७८, जा. नं. १५०; जा. अ. क. VI. पृ. १२७–२८, जा. नं. ५३०.

जीवक ! त्यसोभए हस्तीयानहरू तयार पार्न लगाऊ" भनी उल्लेख भएको हो ।

अनि जीवकले आफ्नो बुद्धि खेलाई राजाले नभने तापनि यात्राको लागि भव्यरूपले तयारी गरे ।

"राजा चाहिं यस्तो रातमा भगवान्‌कहाँ जाने इच्छा गर्दैछन् । राजाहरूका धेरै विरोधी शत्रुहरू हुन्छन् । यदि बीच बाटामा राजालाई केही भएको खण्डमा 'राजाले आफूले भनेको कुरा सुन्दछन् भन्दै जीवक यस्तो असमयमा पनि राजालाई लिएर नगरबाट बाहिर निस्कन्छन्' भन्ने निन्दा मलाई गर्नेछन् । भगवान्‌लाई पनि 'असमयमा आएका राजालाई श्रमण गौतम उपदेश गर्छन्' भन्ने निन्दा गर्न सक्छन् । अतः जसो गर्दा मेरो पनि बुद्धको पनि निन्दा नहुने हो त्यसोगरी आरक्षा सम्पन्न गरी प्रबन्ध गर्नुपर्छ" भनी जीवकले सोचे ।

अनि "स्त्रीहरूको कारणबाट पुरुषहरूलाई भय उत्पन्न हुने छैन" भन्ने ठानी "पाँचशय ढोइहरूमा राजदरबारका पाँचशय स्त्रीहरूलाई पुरुषभेष लिन लगाई ढाल तरबार आदि लिन लगाई राजालाई लैजानु पर्‍यो" भनी पाँचशय स्त्रीहरूलाई तयार पार्न लगाई एक एक हात्तीमा एक एक जना पुरुष भेषका स्त्रीलाई बसाले । जीवकले यस्तो पनि सोचे "यी राजालाई यस जीवनमा कुनै मार्गफल लाभहुने उपनिश्रय छैन । बुद्धहरूले भने कसैको उपनिश्रय हेरेर उपदेश गर्नु हुन्छ । अतः किन मैले महाजनहरूलाई पनि भेला नगराऊँ । यस्तो भएमा शास्ताले

कसैको उपनिश्रय देख्नुभई धर्मोपदेश गर्नु हुनेछ। महाजनहरूको निमित्त यो लाभदायी हुनेछ।"

यति सोचेर उनले भेला हुनको निमित्त ठाउँ ठाउँमा तुरन्त खबर पठाए। "आज राती राजा भगवान्कहाँ जाँदैछन्। सबैले आ-आफ्नो प्रभाव अनुसार राजाको रक्षा गरून्" भन्ने भोपा पनि लगाइदिए।

यो सुनेर महाजनहरूले विचार गरे– "राजा चाहिं भगवान्कहाँ जाँदैछन्। त्यहाँ आज कस्तो धर्मोपदेश हुनेछ होला! यो उत्सवले हामीलाई के गर्छ र! उहीं जानुपर्‍यो" भन्दै हातमा फूलमाला र सुगन्धित धूपहरू लिई राजाको प्रतीक्षामा मानिसहरू बाटामा उभिइरहे। अनि जीवकले राजालाई यानहरू तयार भए भनी निवेदन गरे। अङ्ग मगध गरी ३०० योजनमा आज्ञा चल्ने राजा कम्मरमा खड्ग भिरी पाँचशय पुरुष भेषधारी स्त्रीहरूका साथ आफ्नो राजकीय प्रभाव देखाउँदै हातमा मणिमय दण्ड लिई निस्के[1]। त्यसैले बु. रा–२, पृ. ९० मा अनुदित "श्रामण्यफल" भन्ने मूल सूत्रमा "अनि प्रत्येक पाँचशय हात्तीहरूमा एक एक स्त्री राखी... प्रस्थान गरे" भनी उल्लेख भएको हो।

त्यो राजकीय यात्रा यसप्रकार थियो–

---

१. दी. नि. अ. क. I. पृ. १६७–६९: सामञ्ञफलसुत्तवण्णना।

सोह्रहजार राजकीय नर्तकी स्त्रीहरूले घेरा लगाए। यसको अन्त तिर लङ्गडा बाहुन्नेहरू थिए। त्यसको आखिरी तिर अन्तःपुर पालक विश्वासीहरू थिए। त्यसको आखिरीमा रङ्गीबिरङ्गी गरी सजाएका साठीहजार महामात्यहरू थिए। त्यसको अन्तमा विविधाकारले अलंकृत तथा नानाप्रकारका आयुधहरू हातमा लिएका नब्बेहजार जति विद्याधर तरुण नागरिकहरू थिए। त्यसको लगत्तै पछि शय मूल्य जाने लुगा लगाई पाँचशय मूल्य जाने पछ्यौरा एकांश पारी मुखमा लेप लगाएका सुनका अनेक किसिमका आभरणहरू लगाएका दशहजार जति ब्राह्मणहरू दाहिने हात उठाई जय जयकार गर्दै थिए। त्यसपछि पञ्चाङ्गिक तूर्यहरू र त्यसको अन्तमा धनुषधारीहरूले घेरा लगाएका थिए। त्यसपछि गर्धनले गर्धन जोडेर हिंडेका घोडाहरूको पंक्ति थियो। घोडाको पंक्तिपछि उसले उसलाई छुनेगरी रथपंक्ति थियो। रथपंक्तिको आखिरीमा थपडी बजाइरहेका योद्धाहरू थिए। त्यसपछि आफ्ना आफ्ना आभरणहरूले सुसज्जित अठार पल्टनहरू थिए। जसको छेउमा बसेर कसैले हानेको बाँण राजाकहाँ पुग्न सक्तैनथ्यो।

यसरी संविधान गरी "यदि केही विघ्न भएमा राजाको निमित्त आफूले ज्यान दिनेछु" भन्ने विचारलिई जीवक कौमारभृत्य राजाको नजिकबाटै हिंडिरहेका थिए। त्यस भिडमा यति शय वा यति हजार चिराकहरू थिए भनी गिन्तिगर्न

सकिन्नथ्यो। यस्तो राजकीय लीला गरी राजा जीवकको आम्रवनतिर गए[1]।

राजगृह नगरमा चौसट्ठी (६४) वटा स्याना स्याना द्वारहरू र बत्तीस (३२) वटा ठूला ठूला ढोकाहरू थिए[2]। जीवकको आम्रवन चाहिं नगर प्राकारको र गृद्धकूट पर्वतको बीचमा पर्दथ्यो। अनि पूर्वी ढोकाबाट निस्की पर्वतको छाया भएको ठाउँतिर पुग्न गयो। त्यसबखत पर्वतको टुप्पोले चन्द्रमा छेकिएको थियो। पर्वतको छाया र रुखहरूको छायाले अँध्यारो जस्तो लागेको थियो। त्यसैले मूल सूत्रमा "आम्रवनको नगिचमा पुग्दा राजालाई भय र त्रास लागेको थियो" भनी उल्लेख भएको हो।

यस सम्बन्धमा अर्थकथाले[3] यस्तो लेखेकोछ—राजालाई भय र त्रास लागेको अँध्यारो भएकाले हो। यो पनि उल्लेख गरेको छ कि अँध्यारो भएर होइन। किन भने त्यहाँ अँध्यारो भनेको छँदै थिएन। त्यहाँ हजारौं चिराकहरू थिए। खास कुरा के थियो भने निःशब्दता देखेर जीवकसाथि राजाको मनमा आशङ्का लागेको थियो। जीवकले चाहिं प्रासादमाथि भनेका थिए कि भगवान्कहाँ जाँदा निःशब्दताले जानुपर्छ।

६५८
आ. दिल्ली विश्वविद्यालय
जयाजी रेवी स्मारक
पुस्तकालय

---

१. दी. नि. अ. क. I. पृ. १६९–७० सामञ्ञफलसुत्तवण्णना।

२. पपं. सू. III. पृ. २९५: धानञ्जानिसुत्तवण्णना।

३. दी. नि. अ. क. I. पृ. १७०–७१.

भगवान् निःशब्दप्रेमी हुनुहुन्छ। त्यसैले राजाले बाजागाजाहरू सबै बन्द गराएका थिए। कुरा गर्दा पनि बिस्तारै कुरा गर्दै गएका थिए। आम्रवनमा बसिरहेका साँढे बाह्रशय भिक्षुहरूको पनि कुनै प्रकारको आवाज सुनिन्नथ्यो। राजाहरू चाहिं होहल्ला जस्ता आवाजहरू रुचाउने हुन्छन्। अतः उनको मनमा यस्तो आशङ्का लाग्यो—

"यी जीवक मलाई भन्दथे कि आम्रवनमा साँढे बाह्रशय भिक्षुहरू बस्दछन्। यतिका भिक्षुहरू बसेको ठाउँबाट कुनै पनि आवाज आएको सुनिंदैन। मलाई छकाई जीवकले नगर बाहिर ल्याई अगाडितिरबाट सेनाबलहरू ल्याई मलाई समाती आफैले छत्र धारण गर्ने त होइनन्! यिनमा पाँच हात्तीको बल छ। मेरो नजिकैबाट पनि हिंडदैछन्। मेरो नजिकमा शस्त्र लिएका अरू मानिसहरू पनि कोही छैनन्। अहो! मेरो अनर्थ हुनलाग्यो!"

यस्तो मानसिक भय र त्रास भएपछि भय र त्रास लागेको जस्तो नगरी बस्न नसकेपछि आफूमा भय र त्रास भएको कुरा प्रकाश पार्दै राजाले बु. रा–२ मा अनुदित मूल सूत्रमा यसो भनेका हुन्—

"सौम्य जीवक! के तिमीले मलाई छकाएका त होइनौ? सौम्य जीवक! के तिमीले धोका दिएका त होइनौ! सौम्य जीवक! के तिमीले शत्रुको हातमा पार्न लगाएका त होइनौ! त्यत्रो ठूलो साँढे बाह्रशय महान भिक्षुसङ्घको न

खकारेको आवाज सुनिन्छ न त खोकेको आवाज नै सुनिन्छ न त कुनै आवाज नै सुनिन्छ।"

राजाको यो कुरा सुनी जीवकले "यी राजाले मलाई चिनेका छैनन्। जीवकले कुनै प्राणीको हत्या गर्दैन भन्ने पनि यिनलाई थाहाछैन। अतः यदि मैले यिनलाई आश्वासन दिइन भने अनर्थ हुनसक्छ" भन्ने सोचे। अनि दृढतापूर्वक आश्वासन दिंदै "महाराज ! नडराउनुहोस्, नडराउनुहोस्" भनी जोर दिएर भने। अनि अगाडि बढाउँदै लगी "महाराज ! ऊ त्यो मण्डलमालमा बत्ती बल्दैछ। चोर वा शत्रुहरू भए बत्ती बालो बस्दैनन्। यही बत्तीलाई हेरेर अगाडि बढ्नुहोस् !" भनी जीवकले भने[1]।

अनि जतिसम्म बाटोमा हात्तीबाट जानसक्ने हो त्यति-सम्म हात्तीमा गई विहारको बहिद्वारमा पुगी हात्तीबाट ओर्ल्हे। हात्तीबाट ओर्ल्हिनेबित्तिकै राजाको शरीरमा भगवान्को तेजले प्रभावित पार्‍यो। अनि त्यतिखरै राजाको शरीरबाट पसिना निस्कन थाल्यो। कपडाहरू निचोर्नुपर्ने जस्तो भयो। आफूले गरेको अपराधको संस्मरण हुँदा महान भय पनि हुनथाल्यो। अनि राजा सोधा भगवान्कहाँ जान नसकी जीवकको हात समाती आराम चारिका गर्ने जस्तो गरी "सौम्य जीवक ! तिमीले बडो राम्रो गरेका रहेछौ ! यो तिमीले राम्रो

---

१. दी. नि. अ. क. I. पृ. १७१–७२.

बनायौ !" भन्दै विहारको वर्णन गरी क्रमशः जहाँ मण्डल-मालको दैलो हो त्यहाँ गए। त्यहाँ पुगेपछि नजाने नदेखे जस्तो गरी राजाले "भगवान् कहाँ हुनुहुन्छ नि ?" भनी जीवकसँग सोधे। त्यसैले बु. रा–२ मा अनुदित "श्रामण्यफल" भन्ने शीर्षकको मूल सूत्रमा "सौम्य जीवक ! भगवान् कहाँ हुनुहुन्छ" भनी उल्लेख भएको हो ।

यो सुनेर जीवकलाई यस्तो लाग्यो –"यी राजा पृथ्वीमा बसेर पृथ्वी कहाँछ भन्ने जस्तो गरी आकाशमा हेरेर चन्द्रमा कहाँछ भन्ने जस्तो गरी र सुमेरु मनि बसेर सुमेरु कहाँछ भन्ने जस्तो गरी दशबलको अगाडि बसेर भगवान् कहाँ हुनुहुन्छ भनी सोध्दैछन् ।"

अनि जीवकले भगवान्लाई नमस्कार गर्दै देखाइदिए। त्यसैले मूल सूत्रमा "महाराज ! भगवान् यहाँ हुनुहुन्छ। महाराज ! भगवान् यहाँ माझको स्तम्भमा अडेसलिई..... बसिरहनु भएकोछ" भनी भनिएको हो ।

जीवकले भगवान्लाई देखाइदिएपछि कसैलाई बाधा नहुने ठाउँको एक छेउमा राजा उभिइरहे। अनि त्यहाँ भेला भएका त्यतिका राजपरिषद् र त्यतिका स्त्रीहरू प्रति शान्त-स्वभाव भएका कुनै पनि भिक्षुको आँखा नगएको देखेर तथा कुनै पनि भिक्षुको हात खुट्टा चलमल भएको नदेखेर राजा सारै प्रभावित भए । अनि बार बार स्वच्छ तथा निर्मल भई

शान्तेन्द्रिय भएका भिक्षुसङ्घमाथि हेरी "अहो मेरो छोरा उदयभद्र पनि यसरी नै शान्त भइदिए कति राम्रो हुन्थ्यो" भन्ने उद्गार प्रकट गरे।

उद्गारको रहस्य चाहिं राजाको मनमा अर्कै थियो। जब उनले शान्त भएका भिक्षुसङ्घ देखे तब झ्वास्स उनको मन छोरामाथि पर्नगयो। छोरा पनि यस्तै शान्त भए हुन्थ्यो भनी भनेको मतलब यस्तो थियो—

"मेरो छोरा अहिले बालक नै छ। मलाई तन्नेरी देखेर उसले बाजे खोइ त भनो सोध्न सक्छ। अनि बाजेलाई छोराले मारे भन्ने सुनेर उसको मनमा पनि त्यसोभए मैले पनि मेरा बुबालाई मारेर राज्य लिनुपर्‍यो भनी ठान्न सक्छ। अहो उसको मनमा यस्तो नभइदिए हुन्थ्यो भन्ने कुरामा ध्यान दिई उनले 'अहो मेरो छोरा पनि यस्तै शान्त भए हुन्थ्यो' भनी भनेका हुन्[1]।"

नभन्दै पछि उदयभद्रले आफ्ना बाबु अजातशत्रुलाई मारिहाले[2]। यति मात्र होइन पाँच पुस्तासम्म पिनीहरूका खान्दनमा छोराले बाबुलाई मारेका थिए।

अजातशत्रुले आफ्ना पिता बिम्बिसारलाई मारे। उदयभद्रले आफ्ना पिता अजातशत्रुलाई मारे। महामुण्डिकले

---

१. दी. नि. अ. क. I. पृ. १७२–७४: सामञ्ञफलसुत्तवण्णना।

२. दी. नि. अ. क. I. पृ. १७४: सामञ्ञफलसुत्तवण्णना।

आफ्ना पिता उदयभद्रलाई मारे। अनुरुद्धले आफ्ना पिता महामुण्डिकलाई मारे। नागदासले आफ्ना पिता अनुरुद्धलाई मारे। नागदासलाई चाहिं यो वंशघातक हो भनी नागरिक-हरूले मारे[१]।

भिक्षुसङ्घलाई हेरी अजातशत्रु राजा उभिइरहेको बेलामा भगवान्‌ले "मैले कुरा ननिकालेसम्म राजाले मसँग कुरा गर्न सक्ने छैनन्" भन्ने कुरा बुझ्नुभई उनले उद्‌गार प्रकट गरेपछि "राजा! तपाइँले प्रेम अनुरूप आचरण गर्नुभयो" भनी भगवान्‌ले कुरा निकाल्नु भयो। अनि राजाको मनमा यस्तो लाग्यो

"अहो आश्चर्य बुद्धगुण! म जस्तो अपराधी कोही छैन। मैले भगवान्‌का अग्र उपस्थाक राजालाई हत्या गरें। देवदत्तको कुरा सुनी बुद्धलाई मार्नको निमित्त मानिसहरू पठाएँ। मेरो सहायता पाई देवदत्तले ढुङ्गा खसाले। नालागिरि जस्तो प्रचण्ड हात्तीलाई मैले छाडिदिएँ। यस्ता अपराधीसँग प्रसन्न मुद्रामा भगवान् कुरागर्दै हुनुहुन्छ। अहो! भगवान् कति अकम्प्य हुनुहुन्छ! यस्ता शास्तालाई छाडी बाहिरका अरू कुनै पनि शास्ताको उपासना गर्ने छैन" भन्ने मनमा राखी अत्यन्त प्रसन्न भई भगवान्‌लाई अभिवादन गरी भिक्षुसङ्घलाई नमस्कार गरी राजा एक छेउमा बसे[२]।

---

१. दी. नि. अ. क. I. पृ. १७४.

२. दी. नि. अ. क. I. पृ. १७५.

त्यसपछि केही कुरा सोध्न चाहन्छु भनी राजाले आज्ञा मागे। भगवान्‌ले पनि उनलाई प्रश्न सोध्नमा उत्साहित पार्नु-हुँदै "सोध्नुहोस् राजन्! जे चाहनुहुन्छ त्यो सोध्नुहोस्" भनी भन्नुभयो। त्यसपछि राजाले आफूलाई लागेका कुराहरू सोधे। भगवान्‌ले उत्तर दिनुभयो। जुन कुरा बु. रा–२ मा अनुदित "श्रामण्यफल" भन्ने शीर्षकको मूल सूत्रमा वर्णित भएको छ[१]।

१. दी. नि. अ. क. I. पृ. १७६.

उपासकत्व ग्रहण

भगवान्‌को उपदेश सुनिसकेपछि राजा अत्यन्त प्रसन्नभई "धन्य ! धन्य !" भन्दै लोकोत्तर र लौकिक शरणहरूमध्ये लौकिक शरणलिदै बुद्ध, धर्म र सङ्घको शरणमा गई राजाले आजीवन उपासकत्व ग्रहण गरे।

यसपछि राजाले भगवान्‌सँग क्षमा पनि मागे। भविष्यमा संयम गर्ने प्रतिज्ञा पनि गरे। जुन कुरा आर्यविनय अनुसार अभिवृद्धिको चिह्न हो। भगवान्‌ले पनि क्षमा गर्नुभयो। अनि "धेरै काम छ" भन्दै भगवान्‌लाई अभिवादन तथा प्रदक्षिणा गरी राजा फर्के।

राजा गइसकेपछि भिक्षुहरूलाई सम्बोधन गर्दै भगवान्‌ले "भिक्षुहो ! यदि राजाले पितृघात नगरेका भए यसै आसनमा उनलाई मार्गफल प्राप्ति हुने थियो। किन्तु उनले आपनो खाडल आफैंले खने जस्तै पितृघात गरेका हुनाले मार्गफल प्राप्त गर्न सकेनन्" भनी भन्नुभयो[1]। जुन कुरा बु. रा–२. पृ. ९० मा अनुदित "श्रामण्यफल" भन्ने शीर्षकको मूल सूत्रको अन्त्यमा उल्लेख भएको छ।

---

१. दी. नि. अ. क. I पृ. २६३: सामञ्ञफलसुत्तवण्णना।

मज्झिमनिकाय भाग–३, पृ. १२७ बहुधातुक सूत्रले "(१) दृष्टिसम्पन्न पुरुषले मातृहत्या गर्नसक्छ भन्ने कारण हुन सक्दैन। बरु पृथक्जनले मातृहत्या गर्नसक्छ भन्ने कारण हुनसक्छ। (२) दृष्टिसम्पन्न पुरुषले पितृहत्या गर्नसक्छ भन्ने कारण हुन सक्दैन। बरु पृथक्जनले पितृहत्या गर्नसक्छ भन्ने कारण हुनसक्छ। (३) दृष्टिसम्पन्न पुरुषले अरहन्तको हत्या गर्नसक्छ भन्ने कारण हुन सक्दैन। बरु पृथक्जनले अरहन्तको हत्या गर्नसक्छ भन्ने कारण हुन सक्छ। (४) दृष्टिसम्पन्न पुरुषले द्वेषचित्त लिई तथागतको शरीरबाट रक्तपात गराउन-सक्छ भन्ने कारण हुन सक्दैन। बरु पृथक्जनले तथागतको शरीरबाट रक्तपात गराउनसक्छ भन्ने कारण हुन सक्छ। (५) दृष्टिसम्पन्न पुरुषले सङ्घभेद गर्नसक्छ भन्ने कारण हुन सक्दैन। बरु पृथक्जनले सङ्घभेद गर्नसक्छ भन्ने कारण हुन सक्छ र (६) दृष्टिसम्पन्न पुरुषले अरू शास्तालाई मान्न सक्छ भन्ने कारण हुन सक्दैन। बरु पृथक्जनले अरू शास्तालाई मान्न सक्छ भन्ने कारण हुन सक्छ" (यी छवै कुरा. अं. नि–१, पृ. २७: (क) अट्ठानपालिमा पनि उल्लेख भएको छ।) भनी जुन कुरा उल्लेख गरेको छ त्यसबाट हामी भन्न सक्छौं कि अजातशत्रु राजा पृथकजन भएकाले नै उनले पितृघातको अपराध गरेका हुन्। यो कर्म चाहि पञ्चआनन्तरिय कर्ममध्ये एक हुन गएको छ। जुन कर्म हुँदा यस जीवनमा कुनै मार्गफल प्राप्त गर्न सक्दैन। किनभने मातृघात, पितृघात, अरहन्तघात,

बुद्धको शरीरबाट रक्तपात, सङ्घभेद, तथा दुष्प्राज्ञताले कुनै हालतमा पनि यस जीवनमा मार्गफल प्राप्त गर्न सक्दैन भनी अङ्गुत्तरनिकाय छक्कनिपातको पृ. १३७ र १४० का वोरोपित र ततिय अभब्बट्ठानसुत्तले उल्लेख गरेका छन्। पञ्चआनन्तरिय कर्मको सम्बन्धमा विश्लेषण भएको कुरा पपञ्चसूदनी IV. पृ ७५-७८ बहुधातुकसुत्तवर्णनामा उल्लेख भएको पाइन्छ।

यद्यपि यो धर्मोपदेश सुनी राजाले कुनै मार्गफल प्राप्त गर्न सकेनन्। तर यसबाट राजाले धेरै आश्वासन पाई धेरै मानसिक शान्ति पाएका थिए। जहिलेदेखि यी राजाले आपना पिताको हत्या गरे—त्यसबेलादेखि दिन वा रातमा सुत्दा यिनी राम्ररी निदाउन सकेका थिएनन्। शास्ता छेउ आएर मधुर धर्मोपदेश सुनेपछि राम्ररी निदाउन पनि सके। यति मात्र होइन त्यस समयदेखि यिनले बुद्धशासनको निमित्त ठूलो सत्कार पनि गरे। पृथक्जन श्रद्धा राख्नेहरूमध्येमा यिनी जस्ता ठूला अरू कोही थिएनन् भनी सुमङ्गलविलासिनीले[1] उल्लेख गरेको छ भने शक्र देवेन्द्रले पनि त्यस्तै भनेको कुरा महापरिनिब्बान-सुत्तवण्णनाले उल्लेख गरेको पाइन्छ[2]।

---

१. I. पृ. २६३: सामञ्ञफलसुत्तवण्णना।

२. दी. नि. II. पृ. ३२५-२६.

भविष्यमा उनी 'विजितावी' भन्न प्रत्येकबुद्ध भई परिनिर्वाण हुने छन् भनी सामञ्ञफल सूत्र वर्णनाले[1] उल्लेख गरेको छ। यी सबै धर्मश्रवणको प्रत्यक्ष फल हो भनी भन्न सकिन्छ।

१. I. पृ. २६३.

विविध पक्ष

एकदिन देवदत्तका उपस्थाक उपक मण्डिकापुत्र गृद्ध-कूटमा बसिरहनुभएका भगवान्‌कहाँ गई देवदत्तको बारेमा बुद्धले के भन्दा रहेछन् भन्ने कुरा जान्नको लागि त्यहाँ गए। त्यसबखत उनले भगवान्‌लाई होच्याएर कुरा गरेका थिए। पछि त्यहाँबाट फर्केर आई उनी अजातशत्रु राजाकहाँ गई भगवान्‌सँग यस्तो यस्तो ढङ्गले कुरा गरी आएँ भनी सुनाउँदा रिसाएका राजाले उनलाई निकालिदिए[1]।



एकदिन भेला भएका तीर्थियहरूले यस्तो कुरा गर्न थाले—

"आवुसो तिमीलाई थाहाछ के भगवान् बुद्धलाई के कारणले लाभसत्कार भएको हो ?"

"अहँ, थाहा छैन।"

"तिमीलाई थाहा छ त ?"

---

१. अं. नि–४, पृ. १९३: उपकसुत्तं, अ. क. II. पृ. ५५४; यी उपक मण्डिका पुत्रका कुरा लेखकको बु. गृ. भा–२, पृ. ५४ मा उल्लेख भएको छ।

"मलाई थाहाछ। भगवान् बुद्धका महामौद्गल्यायन भन्ने एकजना शिष्य छन्। तिनी देवलोक र नरकलोकमा गई आउँछन्। अनि मानिसहरूलाई 'यस्तो यस्तो गरेमा देवलोकमा उत्पन्न हुइन्छ र यस्तो यस्तो गरेमा नरकलोकमा उत्पन्न हुइन्छ' भनी उनी सुनाउँछन्। यो सुनेर मानिसहरू धेरै सत्कार गर्छन्। यदि हामीले उनलाई मार्न सक्यौं भने सो लाभसत्कार हामील नै पाउन सक्दछौं।"

त्यसपछि उनीहरू सबैको ऐक्यमत भएपछि एक उपाय-द्वारा उनलाई मार्नुपर्छ भन्ने कुरामा सहमत भए।

त्यसपछि आफ्ना एकजना अनुयायीलाई भनी पैसा लिई मानिस मारी हिंडने चोरहरूलाई बोलाउन लगाई 'महामौद-गल्यायन कालशिलामा बस्दछन्। तिमीहरू त्यहाँ गई उनलाई मार' भनी पैसा दिए। वहाँ गई उनीहरूले महामौद्गल्यायन-लाई मारे। अनि यो कुरा सारा जम्बुद्वीपमा फैलियो। अजातशत्रु राजाले ती मानिसहरूलाई समात्नको निमित्त चरपुरुषहरू ठाउँठाउँमा पठाए।

एकदिन ती चोरहरू रक्सी पिई आपसमा झगडा गर्दै "के तिमीले मौद्गल्यायनलाई पहिले हानेको हो र! मैले हानेको होइन र!" भन्दै कुटाकुट गरिरहेको देखेर तिनीहरू सबैलाई समाती चरपुरुषहरू राजाकहाँ गए। अनि राजाले "तिमीहरूले महामौद्गल्यायनलाई मारेका ह्वौ?" भनी सोध्दा "हो" भनी भनेपछि "कसले भनेर तिमीहरूले मारेका ह्वौ

त ?" भनी सोध्दा "नांगा साधुहरूले भनेर" भनी भनेपछि राजाले पाँचशय जति नांगा साधुहरूलाई समात्न लगाई पाँचशय चोरहरूका साथ राजाङ्गणमा कम्मरसम्म जाने खाल्डोमा राखी परालले छोपी त्यसमा आगो लगाउन लगाए[१]।

अङ्गुत्तरनिकाय सत्तकनिपात पृ. १६४ को वस्सकार सूत्र अनुसार एकदिन भगवान् राजगृहको गृद्धकूटमा बसिरहनु भएको थियो। त्यसबखत राजा अजातशत्रु वृजीहरूमाथि हमला गर्न चाहन्थे। वृजीहरू चाहिं त्यसबखत बडा बलिया तथा सुसङ्गठित थिए। तैपनि राजा उनीहरूमाथि हमला गर्न चाहन्थे। अनि वस्सकार (=वर्षकार) महामात्यलाई बोलाई "वृजीहरूमाथि हमला गर्न सकिन्छ कि सकिन्न" भन्ने कुरा बुझ्न भगवान्कहाँ पठाए। त्यसबेला भगवान्ले पछिल्तिर उभिई पङ्खा हम्काइरहेका आनन्दलाई सम्बोधन गर्नुहुँदै "आनन्द ! जबसम्म वृजीहरू एक मेल भई बस्छन् तबसम्म उनीहरूलाई केही गर्न सकिदैन" भनी सप्त अपरिहानीको कुरा भन्नुभयो।

यो कुरा वस्सकारले अजातशत्रु राजालाई सुनाए। अनि केही चालबाजी खेली वस्सकारद्वारा तीन वर्षको समयमा

---

१. धम्म. प. अ. क. पृ. ४६७: महामोग्गल्लानत्थेरवत्थु, दण्डवग्गो; जा. अ. क. IV. पृ. १५: सरभङ्गजातक, जा. नं. ५५२; यस जातकको अनुवाद लेखकको जा. सं. भा–४, पृ. १६२ मा उल्लेख भएको छ।

वृजीहरूलाई फूट गराउन सफल भए। अनि राजालाई खबर पठाई वृजिहरूमाथि कब्जा गराउन लगाए।

त्यसबखत गङ्गाको किनारमा भएको पत्तन भन्ने गाउँको कारणमा वृजी र मगधको बीच समय समयमा झगडा हुन्थ्यो। यो पत्तन गाउँको आधा भागमा वृजीपुत्रीहरूको र अर्को आधा भागमा अजातशत्रुको आज्ञा चल्थ्यो[1]।

अजातशत्रुले आफ्ना पितालाई हत्या गरेको आठौं वर्ष पुग्दा उता भगवान् बुद्ध कुशीनगरमा महापरिनिर्वाण हुनुभयो। त्यसैले महा. वं. पृ. १०५: दुतिय परिच्छेदमा "अजातसत्तुनो वस्सो अट्ठमे मुनि निब्बुतो" भनी गा. नं. ३२ मा उल्लेख भएको छ।

भगवान् परिनिर्वाण भएको समाचार अजातशत्रु राजाको राजदरबारमा पुग्यो। यो समाचार सुनेर अमात्यहरूले सोच्नथाले— "शास्ता परिनिर्वाण हुनुभयो। अब वहाँलाई फर्काउन सकिने छैन। पृथक्जन श्रद्धा हुनेहरू मध्येमा हाम्रा राजा जस्ता श्रद्धा हुने अरू कोही छैनन्। यदि यो समाचार वहाँले यत्तिकैमा सुन्नुभयो भने वहाँको मुटु पनि फुट्न सक्नेछ। अतः हामीले राजाको रक्षा गर्नुपर्छ।"

---

१. अं. नि. अ. क. II. पृ. ७०५–०६ र दी. नि. अ. क. II. पृ. २१४–२४: महापरिनिब्बानसुत्तवण्णना। यस बारेका विस्तृत कुरा लेखकको बु. ना. भा–२ को पृ: २१७ मा उल्लेख भएको छ।

यति सोचेर उनीहरूले तीनवटा सुनको द्रोणी ल्याई त्यसमा चतुमधु युक्त पानी राखी राजाकहाँ गई "देव ! हामीले स्वप्न देख्यौं। त्यसको कुफल हटाउनको निमित्त तपाईं गर्धनसम्मको पानीमा डुबी स्नानगर्नुहोस्" भनी भने। अथचारी अमात्यहरूको कुरा सुनी राजाले "हुन्छ" भनी भने।

अनि एक अमात्यले अलङ्कारहरू फुकाली केश फिजाई जुन दिशातिर शास्ता परिनिर्वाण हुनुभएको हो सो दिशातिर हेरी दुइहात जोरी राजालाई बिन्तिगरे—

"देव ! मरणबाट बच्नसक्ने कुनै छैनन्। हामीहरूको अभिवृद्धि हुने पूज्य स्थानमा वहाँ भगवान् शास्ता कुशीनगरमा परिनिर्वाण हुनुभयो।"

यति सुन्नेबित्तिकै राजा बेहोस भई चतुमधु युक्त पानी भएको द्रोणीमा लडे। अनि राजालाई उचाली अर्को द्रोणीमा लेटाए। होस आएपछि उनले "तात ! के भनेका ह्वौ ?" भनी सोधे।

"महाराज ! शास्ता परिनिर्वाण हुनुभयो।"

फेरि पनि राजा बेहोस् भई चतुमधु युक्त पानी भएको द्रोणीमा लडे। अनि उनलाई त्यहांबाट उचाली तेस्रो द्रोणीमा लेटाए। होस आएपछि फेरि राजाले "तात ! के भनेका ह्वौ ?" भनी सोधे।

"महाराज ! शास्ता परिनिर्वाण हुनुभयो।"

राजा फेरि बेहोस भए। अनि उनलाई उचाली नुहाई टाउकोमा घडाको पानी खन्याइदिए।

होस आएपछि राजा आसनबाट उठी सुगन्धित पारिएको केश फिजाई हातले छाती पिट्दै छातीमा हात राखी रोए। यत्तिकैमा बहुला जस्तो भई राजा बाटो लागे। अनि अलंकृता नर्तकी स्त्रीहरूद्वारा परिवृत्त भई नगरबाट निस्की जीवकको आम्रवनमा गई जहाँ बसी भगवानले अधि धर्मदेशना गर्नुभएको थियो त्यहाँ गई "सर्वज्ञ भगवान्! यस ठाउँमा बस्नुभई तपाइँले अधि धर्मोपदेश गर्नुभएको होइन? मेरो शोकशल्यलाई दूर गरिदिनु भएको होइन? तपाइँले मेरो शोकशल्यलाई झिकिदिनुभयो। अनि म तपाइँको शरणमा परें। अहिले चाहिं भगवान् कुनै उत्तर दिनुहुन्न!" यसरी बार बार रोई "अरू दिनमा भए यस्तो अवस्थामा भिक्षुसङ्घ सहित भगवान् जम्बुद्वीपमा चारिकार्थ जानुभयो" भन्ने सुन्दथें। अहिले चाहिं कुनै अनुरूप खबर सुनिदैन। यस्तो भन्दै साठीबटा जति गाथाद्वारा भगवान्को अनुस्मरण गरी "अब रुवाइबाट केही सिद्ध हुने छैन। बरू दशबलको अस्थिधातुहरू ल्याउन लगाउन पर्‍यो" भन्ने सोचे[1]।

यसरी भगवान् परिनिर्वाण भएको समाचार सुनी बेहोसमा परी पछि राजाले भगवान्का अस्थिधातुहरू ल्याउनको

---

१. दी. नि. अ. क. पृ. II. पृ. ३२०–२२: महापरिनिब्बाणसुत्तवण्णना।

निमित्त कुशीनगरमा दूतहरू र पत्र पठाए। यति पठाइसकेपछि राजाले फेरि यस्तो सोचे "यदि धातु दिए ठिकैछ। होइन भने ल्याउन उपाय गर्नेछु।" यति सोची चतुरङ्गिणी सेनाका साथ आफू पनि निस्के[1]।

त्यसैले महापरिनिब्बान सूत्रमा "अस्सोसि खो राजा मागधो अजातशत्तु वेदेहिपुत्तो – 'भगवा किर कुसीनारायं परिनिब्बुतो' ति।' अथ खो राजा मागधो अजातशत्तु वेदेहिपुत्तो कोसिनारकानं मल्लानं दूतं पाहेसि—भगवा पि खत्तियो अहं पि खत्तियो। अहं पि अरहामि भगवतो सरीरानं भागं। अहं पि भगवतो सरीरानं थूपं च महं च करिस्सामी'ति[2]।"

अर्थ –

"मगधका राजा वैदेहीपुत्र अजातशत्रुले— 'भगवान् कुशीनगरमा परिनिर्वाण हुनुभयो' भन्ने खबर सुनें। अनि मगधका राजा वैदेहीपुत्र अजातशत्रुले कुशीनगरका मल्लहरूकहाँ दूत पठाए— 'भगवान् पनि क्षत्री हुनुहुन्छ र म पनि क्षत्री हुँ। मैले पनि भगवान्को शरीरको भाग पाउनुपर्छ। म पनि भगवान्को शरीरको स्तूप बनाई महोत्सव गर्नेछु।"

---

१. दी. नि. अ. क. II. पृ. ३२२: महापरिनिब्बाणसुत्तवण्णना।

२. दी. नि. पृ. १२६.

यस्तै गरी वैशालीका लिच्छवीहरूले, कपिलवस्तुका शाक्यहरूले, अल्लकप्पका बुलयहरूले, रामग्रामका कोलीय-हरूले, वेठद्वीपका ब्राह्मणहरूले र पावाका मल्लहरूले पनि भगवान्को शरीरधातु माग्न पठाएका थिए[१]।

जब यी सबैका सबैले "या त भगवान्को शरीर धातु देऊ या त युद्ध" भनी भन्नथाले तब त्यहाँ केहीछिन ठूलो खलबल हुनथाल्यो। अनि जम्बुद्वीपका सबै जसो राजाहरूका गुरु हुने द्रोण ब्राह्मण त्यसबखत कुशीनगरमा थिए। अनि उनले सम्झाएपछि सबै शान्त भए र द्रोण ब्राह्मणकै सुझाउ अनुसार अस्थिधातुहरू आठ भागमा विभाजन गरिदिए[२]।

---

१. दी. नि. II पृ. १२७: महापरिनिब्बानसुत्तं।

२. दी. नि. II. पृ. १२७: महापरिनिब्बानसुत्तं, अ. क. II. पृ. ३२३; यस सम्बन्धमा लेखकको बु. ब्रा. भा–१, पृ. १५३ मा पनि केही कुरा उल्लेख भएको छ।

धातु पूजा र स्तूप निर्माण

बु. रा–२, पृ. १७८ मा "स्तूप बनाए" भन्ने शीर्षकको मूल सूत्रमा '.. राजगृहमा भगवान्‌का शरीर धातुहरू राखी स्तूप पनि बनाए...' भन्ने सन्बन्धमा अर्थकथाले यसरी वर्णन गरेको छ।

कुशीनगरबाट राजगृहसम्म २५ योजन छ। यस बीचमा आठ उसभ[1]सम्मको बाटो सम्याई जस्तो मल्ल राजाहरूको मकुटबन्धन र सस्थागारको बीचमा पूजा गरे त्यसैगरी २५ योजन बाटोमा पूजा गराई लोकवासीहरूलाई शान्त्वना दिंदै सबै बजारहरूमा सुवर्णमय द्रोणीमा राखिएको धातुहरूलाई तीरको परिक्षेपद्वारा आरक्षा गरी आपनो राज्यको ५०० योजन मण्डलभित्र मानिसहरू भेला गराए।

धातुहरूलाई कुशीनगरदेखि साधुक्रीडा गर्दै निस्की जहाँ जहाँ सुवर्ण वर्ण फूलहरू देख्छन् त्यहाँ त्यहाँ तीरको परिक्षेप भित्र राखेका धातुहरूको पूजा गरे। त्यहाँ चढाएका फूलहरू ओइलाएपछि उनीहरू त्यहाँबाट प्रस्थान गर्छन्। देशको मुख्य भागमा र अन्तिम भागमा पुग्दा एकसातासम्म साधुक्रीडा गर्छन्। यस प्रकारले धातुहरू लिई आउनेहरूलाई ७ वर्ष ७

---

१. एक उसभ भनेको कति रहेछ भन्ने कुरा जान्नको लागि लेखकको बु. म. भा–१, पृ. ३८ को पादटिप्पणीमा हेर्नू।

महीना र ७ दिन लाग्यो[1]।

मिथ्यादृष्टिकहरू "श्रमण गौतमको परिनिर्वाण भएदेखि बल जबरजस्ती गरी साधुक्रीडा गराउन लगाएबाट हाम्रा काम-धाम सबै विनाश भयो" भन्दै कराउनथाले। यसरी कुरा गरी चित्त प्रसन्न गर्नुपर्ने ठाउँमा चित्त बिगारी अपायमा गएका मानिसहरू ८४ हजार थिए भने चित्त प्रसन्न गरी स्वर्गजाने मानिसहरू पनि असंख्य अप्रमेय थिए भनी पेतवत्थु अर्थकथाले[2] उल्लेख गरेको छ। क्षीणास्रवी भिक्षुहरूले आवर्जन गर्दा "मन बिगारी अप्रसन्न भई मानिसहरू अपायमा गएका" देखेर "शक्र देवेन्द्रलाई भनेर चाँडै धातुहरू ल्याइपुऱ्याउने उपाय गराउनुपर्‍यो" भनी शक्र देवेन्द्रकहाँ गई शक्रलाई "महाराज! चाँडै धातुहरू ल्याइपुऱ्याउने उपाय गर्नुपर्‍यो" भनी भने। यो सुनेर शक्रले भन्दछन्— "भन्ते! पृथक्जन मानिसहरू मध्येमा अजातशत्रु जस्ता भट्टा हुने अरू कोही छैनन्। उनले मेरो कुरा सुन्ने छैनन्। बरू हामीले भयावह गरी आवाजहरू सुनाउनेछौं। महाशब्द सुनाउनेछौं। यक्ष आदिको दृश्य देखाउनेछौं। अनि तपाईंहरूले 'महाराज! अमनुष्य यक्षहरू रिसाउँदैछन् धातुहरू चाँडै ल्याउनुहोस्' भनी भन्नुहोस्।

---

१. दी. नि. अ. क. II. पृ. ३२५: महापरिनिब्बानसुत्तवण्णना।

२. पृ. १५१: धातुपेतवत्थुअट्ठकथा।

यसरी उनले चाँडै ल्याउनेछन् ।" शक्र देवेन्द्रले आफूले भने जस्तै गरे ।

राजाकहाँ गई स्थविरहरूले "महाराज ! अमनुष्य यक्षहरू रिसाउँदैछन् धातुहरू चाँडै ल्याउन लगाउनुहोस्" भनी भने ।

"भन्ते ! जबसम्म मेरो चित्त सन्तोष हुने छैन तबसम्म ल्याउने छैन" भनी भने । फेरि राजाले उनीहरूको कुरामा सोचविचार गरी "हुन्छ धातुहरू चाँडै ल्याउँनू" भन्ने आज्ञा-दिए । सातदिनपछि धातुहरू ल्याइपुऱ्याए ।

यसरी ल्याइपुऱ्याएका धातुहरू राखी राजगृहमा स्तूप बनाई महोत्सव पनि गरे[1] । अरूहरूले पनि आ-आपनो ठाउँमा स्तूप बनाई महोत्सव गरे भनी अट्ठकथाले[2] उल्लेख गरेको छ ।

अजातशत्रु राजाद्वारा राजगृहमा बनाइएको यो स्तूपको कारणबाट दुइजना आइमाईहरू दिव्यलोकमा पुगेका कुरा विमानवत्थु अट्ठकथामा[3] उल्लेख भएको पाइन्छ ।

---

१. दी. नि. II. १२८: महापरिनिब्बानसुत्त; अ. क. II. पृ. ३२५; बु. रा–२, पृ. १७८.

२. दी. नि. अ. क. II. पृ. ३२५–२८: महापरिनिब्बानसुत्तवण्णना ।

३. पृ. १३६: विसालक्खी विमान अट्ठकथा र पृ. १६०: पीतिविमान अट्ठकथा ।

अब जम्बुद्वीपमा शरीरधातुहरू भएका स्तूपहरू आठ-वटा र शरीरधातुहरू नापेको 'तुम्ब' राखी बनाएको एउटा र चिताका अङ्गारहरू राखेर बनाएको एउटा गरी जम्मा दशवटा (१०) स्तूपहरू भए[1]।

एकदिन महाकाश्यप महास्थविरले भविष्यमा यी धातुहरूको बिघ्न हुने कुरा जानी राजा अजातशत्रुकहाँ गई "महाराज ! धातुनिधान गर्नुपर्छ" भनी भन्नुभयो।

"हुन्छ भन्ते ! धातुनिधान गर्ने काम मेरो जिम्मा भयो। तर भन्ते ! बाँकी धातुहरू कसरी ल्याउने त ?"

"महाराज ! धातुहरू ल्याउने कामको जिम्मा तपाईंको होइन। त्यो त हामीहरूको हो।"

"हुन्छ त भन्ते ! त्यसोभए तपाईंहरूले धातुहरू ल्याउनुहोस् म निधान कार्य गर्नेछु।"

---

१. (१) राजगृहमा एउटा, (२) वैशालीमा एउटा, (३) कपिल-वस्तुमा एउटा, (४) अल्लकप्पमा एउटा, (५) रामग्राममा एउटा, (६) वेठद्वीपमा एउटा, (७) पावामा एउटा, (८) कुशीनगरमा एउटा, (९) द्रोण ब्राह्मणले 'तुम्ब' राखी बनाएको एउटा तथा (१०) पिप्पलीवनीय मौर्यहरूले 'अङ्गार' राखी बनाएको एउटा गरी जम्मा दशवटा स्तूपहरू हुन्। दी. नि. अ. क. II. पृ. १२८: महापरिनिब्बानसुत्तवण्णना।

अनि महास्थविर त्यस त्यस राजकुलमा गई पूजाआजा गर्नको निमित्त चाहिने मात्र राख्न लगाई बाँकी धातुहरू त्याउनुभयो। रामग्राममा चाहिं नागहरूले धातुहरू लिइ-राखेको हुँदा त्यहाँ बिघ्न हुने छैन[1]। त्यहाँका धातुहरू भविष्यमा लङ्कास्थित महाविहारको महाचैत्यमा रहनेछन् भनी त्यहाँका धातुहरू चाहिं नलिई बाँकी सात नगरहरूबाट धातुहरू त्याई राजगृहको पूर्वदक्षिण दिशातिर उभिई "यो ठाउँमा जुन ढुङ्गाहरू छन् ती सबै लोप होउन्। धूलो सफा होस्। पानी ननिस्कियोस्" भनी महास्थविरले अधिष्ठान गर्नुभयो।

राजाले त्यस ठाउँमा खन्न लगाई त्यसबाट आएको माटोको इँट बनाउन लगाई असीतिमहाश्रावकहरूको निमित्त चैत्यहरू बनाए। "यहाँ राजा के गर्दैछन् ?" भनी सोध्दा "महाश्रावकहरूको निमित्त चैत्यहरू बनाउँदै छन्" भनी भन्दछन्। धातुनिधान गर्ने भनी कसैलाई भन्दैनन्। असी हात (८०) जति गहिरो खनिसकेपछि त्यहाँ फलाम वछचाई त्यसमाथि थूपारामको (लङ्काको) घर जत्रै घर बनाउन लगाई आठ आठवटा हरिचन्दनका सन्दूक र स्तूपहरू बनाउन लगाए। अनि भगवान्का धातुहरू ती हरिचन्दनका सन्दूकमा राखी ती सन्दूकहरू अर्का हरिचन्दनका सन्दूकहरूमा राखी यस्तै प्रकारले

---

१. सुमं. वि. II. पृ. ३२६: महापरिनिब्बानसुत्तवण्णना।

आठवटा हरिचन्दनका सन्दूकमा राखे। अनि ती आठवटा सन्दूकहरू आठवटा स्तूपमा राखे। यी आठवटा हरिचन्दनका स्तूपहरू अर्का आठवटा लोहितचन्दनका सन्दूकमा राखे। यी आठवटा लोहितचन्दनका सन्दूकहरू अर्का आठवटा लोहितचन्दनका स्तूपहरूमा राखे। यी आठवटा लोहित-चन्दनका स्तूपहरू अर्का आठवटा दन्तमय सन्दूकमा राखे। यी आठवटा दन्तमय सन्दूकहरू आठवटा दन्तमय स्तूपहरूमा राखे। यी आठवटा दन्तमय स्तूपहरू अर्का आठवटा रत्नमय सन्दूकमा राखे। यी आठवटा रत्नमय सन्दूकहरू आठवटा रत्नमय स्तूपमा राखे। यी आठवटा रत्नमय स्तूपहरू अर्का आठवटा सुवर्णमय सन्दूकमा राखे। यी आठवटा रत्नमय सन्दूकहरू आठवटा सुवर्णमय स्तूपमा राखे। यी आठवटा सुवर्णमय स्तूपहरू अर्का आठवटा चाँदीका सन्दूकमा राखे। यी आठवटा चाँदीका सन्दूकहरू आठवटा चाँदीका स्तूपहरूमा राखे। यी चाँदीका आठवटा स्तूपहरू अर्का आठवटा मणिमय सन्दूकमा राखे। यी आठवटा मणिमय सन्दूकहरू आठवटा मणिमय स्तूपमा राखे। यी आठवटा मणिमय स्तूपहरू अर्का आठवटा राता मणिका सन्दूकमा राखे। यी आठवटा राता मणिका सन्दूकहरू आठवटा राता मणिका स्तूपमा राखे। यी आठवटा राता मणिका स्तूपहरू अर्का आठवटा मसारगल्लका सन्दूकमा राखे। यी आठवटा मसारगल्लका सन्दूकहरू आठवटा

मसारगल्ल स्तूपमा राखे । यो आठवटा मसारगल्लका स्तूपहरू अर्का आठवटा मणिमय सन्दूकमा राखे। यो आठवटा मणिमय सन्दूकहरू आठवटा मणिमय स्तूपमा राखे।

सबभन्दा माथिल्लो मणिमय स्तूप थूपाराम (लङ्काको) चैत्य जत्रै थियो। त्यसको माथि रत्नमय घर बनाए। त्यसको माथि सुनको, त्यसको माथि चाँदीको, त्यसको माथि तामाको र त्यसमाथि फलामको घर बनाए। अनि रत्नमय बालुवा छरी जलज स्थलज हजारौं फूलहरू छरी ५५० जातकहरू, असीति महाश्रावकहरू, शुद्धोदन महाराजा, महामायादेवी र सिद्धार्थ कुमारसँग जन्मेका र उत्पन्न भएका सात वस्तुहरू सबै सुवर्णमय बनाई पाँच पाँच शय सुन र चाँदीका पूर्णघडाहरू राख्न लगाए। पाँचशय सुवर्णमय ध्वजाहरू फैलाए। पाँचशय सुनका पाला र पाँचशय चाँदीका पालाहरू बनाउन लगाई त्यसमा सुगन्धित तेल राखी कपडाको बत्ती बाले। त्यसपछि महाकाश्यप महास्थविरले "फूलमाला नम्रोइलाउन् र सुगन्ध नहराउन् तथा बत्ती ननिभियोस्" भनी अधिष्ठान गरी "भविष्यमा प्रियदास भन्ने कुमार छत्र धारण गरी अशोक धर्मराजा हुने छन्। उनले यी धातुहरू फैलाउने छन्" भनी सुनको पातामा अक्षर लेखाउनु भयो।

सर्वप्रकारका आभूषणहरूद्वारा पूजा गरी अजातशत्रु राजा शुरूदेखि दैलो थुन्दै बाहिर निस्के। तामा र फलामका

दैलाहरू थुनेर चुकुलको डोरीमा ताल्चा झुण्ड्य त्यहींनिर एक ठूलो मणिको डल्लो राखी "भविष्यमा हुने दरिद्र राजाले यो मणिको डल्लो लिई धातुहरूको पूजा सत्कार गरून्" भनी अक्षर लेखाउन लगाए।

शक्र देवराजाले विश्वकर्मालाई बोलाई "तात ! अजातशत्रुले धातुनिधान गरे। त्यहाँ आरक्षा गर" भनी पठाए। त्यहाँ आई उनले बाजाबज्ने यन्त्र राखे। धातुगर्भमा स्फटिकको तरबार लिएका काठका रूपहरू वायुवेगले घुम्ने यन्त्र राखी एउटै चक्कामा बाँधिदिए। अनि चारैतिरबाट ढुङ्गाको परखाल लगाई एउटा ढुङ्गाले माथि छोपी माटो छरी जमिन जस्तै सम्म गरी त्यसमाथि ढुङ्गाको चैत्य राखिदिए।

यसरी धातुनिधानका काम सिद्धिएपछि आयु छउञ्जेल बसी महाकश्यप महास्थविर परिनिर्वाण हुनुभयो[1]। अजातशत्रु पनि कर्मानुसार गए। मानिसहरू पनि मरे[2]।



---

१. सुमं. वि. II. पृ. ९९: महापदानसुत्तवण्णनामा महाकश्यप स्थविरको आयु १२० वर्ष थियो भनी उल्लेख गरेको छ।

२. दी. नि. अ. क. II. पृ. ३२६–२८: महापरिनिब्बानसुत्तवण्णना।

धर्मसङ्गायनमा महत

अजातशत्रुले राज्य गरेको आठौं वर्षमा भगवान् बुद्ध कुशीनगरमा परिनिर्वाण भएको कुरा माथि उल्लेख भइसकेको छ।

अनि भगवान् परिनिर्वाण भएर एक हप्ता साधुक्रीडा र एक हप्ता धातुपूजा गरी दुई हप्ता बितिसकेपछि गृष्म ऋतुको डेढ महीना बाँकी छँदा वर्षावास बस्ने समय पनि निकट आएपछि सातलाख (७,०००००) भिक्षुसङ्घका नायक[1] हुनुभएका महाकाश्यप महास्थविरले केही दिन अघि राजगृहमा वर्षावास गरी उहीं धर्मसङ्गायना गर्ने भन्ने निर्णय गर्नु भए अनुसार भिक्षुहरूलाई सम्बोधन गर्नुभई "आवुसो! राजगृहमा जाओ" भनी भन्नुभई आधा परिषद्लिई आफू राजगृह जानको निमित्त एउटा बाटो लाग्नुभयो। अनुरुद्ध महास्थविर पनि आधा परिषद् लिई राजगृह जानको निमित्त एउटा बाटो लिनुभयो। आनन्द महास्थविर चाहिं श्रावस्ती भएर राजगृह जानेछु भन्ने विचार गरी भगवान्का पात्र चीवर लिई भिक्षुसङ्घ सहित श्रावस्तीमा जानुभयो[2]।

महाकाश्यप र अनुरुद्ध महास्थविरहरू राजगृह पुगिसकेपछि "भगवान्ले पनि विहार प्रतिसंस्करण गर्नेमा प्रशंशा

---

१. सम. पा. I. पृ. ६: बाहिरनिदानकथा।

२. सम. पा. I. पृ. ९: बाहिरनिदानकथा।

गर्नुभएको छ" भन्दै वहाँहरूले सबभन्दा पहिले विहारहरू सुग्घर सफा तथा जीर्णोद्धार गर्ने निश्चय गर्नुभयो। त्यसबखत राजगृहमा अट्ठार (१८) वटा महाविहारहरू थिए[1]।

अनि दोस्रो दिनमा स्थविरहरू राजद्वारमा उभिन जानुभयो। राजा अजातशत्रु आई अभिवादन गरी "भन्ते! के कामले आउनु भएको हो र मैलै के गर्नुपर्‍यो? भनी सोधेपछि स्थविरहरूले अठार महाविहारहरू प्रतिसंस्करण र सफा सुग्घर गर्नको निमित्त हस्तकर्म चाहियो भनी सूचित गरे।

"हुन्छ, हवस्" भनी राजाले हस्तकर्मको निमित्त मानिसहरू पठाईदिए। पहिलो महीनाभरी सबै विहारहरू प्रतिसंस्करण गरिसकेपछि राजालाई भने

"महाराज! प्रतिसंस्करणको काम सिद्धिसकियो। अब धर्म र विनयको संग्रह गर्नेछौं।"

"हुन्छ भन्ते! विश्वस्त भई गर्नुहोस्। मेरो आज्ञाचक्र होस्, तपाईंहरूको धर्मचक्र होस्। भन्ते! आज्ञादिनुहोस् मैलै के गर्नुपर्‍यो।"

"महाराज! धर्मसंग्रह गर्नेहरूको निमित्त बस्ने ठाउँ चाहियो।"

"भन्ते! कहाँ बनाउँ त?"

---

१. सम. पा. I. पृ. १०: बाहिरनिदानकथा।

"महाराज! वेभार पर्वतको सप्तपर्णी गुफाद्वारमा बनाउन योग्य हुनेछ।"

"हवस भन्ते" भनी अजातशत्रु राजाले विश्वकर्माले बनाए जस्तै गरी अति सुन्दर सुरम्य तथा सुविभक्त भित्ता, भन्याङ र स्तम्भहरू भएको पाँचशय भिक्षुहरू अटाउने ब्रह्म-विमान जस्तै महामण्डप बनाई भव्यरूपले फूलमाला आदिहरूले सिंगारपटार गरी चँदुवा टाँगी भिक्षुहरूले बस्न योग्य (कप्पिय) आसनहरू वछचाई मण्डपको बीचमा दक्षिणतिर अडेस लिई उत्तराभिमुख हुने गरी थेरासन राखे। मण्डपको बीचमा पूर्वाभिमुख हुने गरी बुद्ध भगवान्लाई योग्य हुने गरी आसन राखी दन्तमा जडिएको पङ्खा पनि राखे। अनि राजाले "भन्ते! मेरो काम सम्पन्न भयो" भनी भिक्षुसङ्घलाई निवेदन गराए[1]। त्यसैले इतिवुत्तक अट्ठकथाको निदानवण्णनामा[2] अजातशत्रुले बनाउन लगाएको सद्धर्म मण्डपमा बसी महाकाश्यप प्रमुख उपालि, आनन्द सहित भिक्षुहरूले धर्मसङ्गायना गरे..." भनी उल्लेख भएको हो।

जातक अट्ठकथा[3] अनुसार अजातशत्रु राजाकी महारानी

---

१. सम. पा. I. पृ. १०–११: बाहिरनिदानकथा।

२. पृ. ४०.

३. जा. अ. क. I–II. पृ. ६४६: वड्ढकीसूकरजातक, जा. नं. २८३ र जा. अ. क. V. पृ. ५१: तच्छसूकरजातक, जा. नं. ४९२.

प्रसेनजित् कोशल राजाकी छोरी वजिर भन्ने कुमारी थिइन् र उनको तरफबाट उदयभद्र कुमार[1] भन्ने एकजना छोरा थिए भन्ने कुरा पालिसाहित्यबाट प्रष्ट हुन्छ।

मूलपालि र अट्ठकथाहरू अध्ययन गर्दा अजातशत्रु राजाको पालामा बुद्ध परिनिर्वाण भइसकेपछि पाटलीग्राममा नगर बसाल्ने काम गरेका थिए। जुन नगर पछि पाटलिपुत्र भयो भन्ने कुरा दीघनिकाय भाग–२, पृ. ७०: महापरिनिब्बान सूत्रको 'पाटलिपुत्र नगरमापनं' शीर्षकको कुराबाट; उदानपालि पृ. १७०: पाटलिगामिय सूत्र र महावग्गपालि पृ. २४३: सुनीधवस्सकारवत्थुबाट तथा यिनका अर्थकथाहरूबाट प्रष्टसँग बुझ्न सकिन्छ। यो नगर निर्माणको मूल सूत्रको अनुवाद बु. रा–३, पृ. २८३: 'सुनीधवर्षकार' को कुरामा समुल्लेख गरेको छु।

सुनीध र वर्षकारको[2] अलावा गोपकमोग्गल्लान[3] र उपनन्द[4] पनि अजातशत्रु राजाका मन्त्रीहरू र सेनापतिहरू थिए भन्ने कुरा पालिसाहित्यको अध्ययन गर्दा बुझिन्छ।

---

१. दी. नि. II. पृ. ४४: सामञ्ञफलसुत्तं।

२. दी. नि. II. पृ. ७०: महापरिनिब्बानसुत्तं।

३. म. नि. III. पृ. ६८: गोपकमोग्गल्लानसुत्तं।

४. म. नि. III. पृ. ७४: गोपकमोग्गल्लानसुत्तं।

पालि त्रिपिटकको अर्थकथाहरू तथा मूलपालिमा खोजी गरी सेटिएका कारणहरू अनुसार लेखिएको अजातशत्रु राजाको कुरा यहीं टुङ्गीन्छ ।

अजातशत्रु राजाले बुद्ध परिनिर्वाणपछि २४ वर्षसम्म राज्य गरे[1] ।

294.3
अ ७८ अ

काठमाण्डौ रेशमी स्मारक पुस्तकालय

१. सम. पा. I. पृ. ६३: बाहिरनिदानकथा ।

२६.	बुद्धकालीन श्रावक-चरित	भाग–२	...रू. १७/–
२७.	बुद्धकालीन श्रावक-चरित	भाग–३	...रू. २०/–
२८.	बुद्धकालीन श्रावक-चरित	भाग–४	...रू. १४/–
२९.	बुद्धकालीन श्रावक-चरित	भाग–५	...रू. १४/–
३०.	बुद्धकालीन श्रावक-चरित	भाग–६	...रू. ३०/–
३१.	बुद्धकालीन श्राविकाचरित	भाग–१	...रू. २२/–
३२.	बुद्धकालीन ब्रह्मादिदेव	भाग–१	...रू १८/–
३३.	बुद्धकालीन ब्रह्मादिदेव	भाग–२	...रू. १८/–
३४.	बुद्धकालीन ब्रह्मादिदेव	भाग–३	...रू. १४/–
३५.	बुद्धकालीन प्रेतकथा		...रू. १०/–
३६.	बुद्धकालीन विमानकथा		...रू. १२/–
३७.	जातक संग्रह	भाग–१	...रू. १०/–
३८.	जातक संग्रह	भाग–२	...रू. ८/–
३९.	जातक संग्रह	भाग–३	...रू. १३/–
४०.	जातक संग्रह	भाग–४	...रू. १२/–
४१.	संक्षिप्त कथा सहित धम्मपद (द्वितीयावृत्ति)		...रू. १५/–
४२.	यशोधरा		...रू. ११/–
४३.	विषय सूची	भाग–१	...रू. ५/–
४४.	विषय सूची	भाग–२	...रू. १०/–
४५.	जापान भ्रमणको डायरी		...रू. ४/–
४६.	त्रिरत्न वन्दना र पाठ्यसूत्र		...रू. ४/–
४७.	महासीहनादसुत्त		
४८.	नेपालमा थेरवाद बुद्धधर्मको संक्षिप्त इतिहास		
४९.	सोलुखुम्बू यात्राको डायरी		...रू. ५/–
५०.	वेस्सन्तर जातक (द्वितीयावृत्ति)		...रू. १२/–
५१.	सम्राट् अशोक		...रू. २/५०
५२.	महिन्द थेर तथा संघमित्ता थेरी		...रू. ५/–
५३.	अजातशत्रु		...रू. ६/–

नेवारीमा :

५४. जप्रभावक
५५. आर्यसत्य (तृतीयावृत्ति)
५६. कर्मविभाग (तृतियावृत्ति)
५७. त्रिरत्न वन्दना
५८. धर्म व विनय
५९. प्रजापति गौतमी
६०. पाठ्यसूत्र
६१. बौद्ध कहानी
६२. सर्वज्ञ धातु
६३. गृही–विनय (चतुर्थावृत्ति) ...रू. ३/५०
६४. जातकमाला भाग–१ (तृतीयावृत्ति) ...रू. १/७५
६५. जातकमाला भाग–२ (द्वितीयावृत्ति)
६६. धम्मपद (चतुर्थावृत्ति) ...रू. ८/–
६७. धम्मपदट्ठकथा भाग–१ (द्वितीयावृत्ति) ...रू. १२/–
६८. बुद्धशासनया इतिहास भाग–१ ...रू. १/–
६९. संक्षिप्त बुद्धजीवनी (चतुर्थावृत्ति) ...रू. ४/–
७०. महास्वप्न जातक (द्वितीयावृत्ति)
७१. वेस्सन्तर जातक (द्वितीयवृत्ति) ...रू. ४/–
७२. सूत्रसंग्रह ...रू. १/५०
७३. न्हुसःया लिसः ...रू. ३/–
७४. महाकाश्यप चरित ...रू. २०/–
७५. ज्ञानमाला भजन १५गू गु आवृत्ति ...रू. ५/–
७६. अशोक जुजु ...रू. ३/–

अंग्रेजीमा :

७७. Buddhist Activities in Socialist Countries
७८. Kings of Buddha's Time
७९. A Short History of Theravada Buddhism in Modern Nepal... (Third Edi.)